
# धर्मकीर्ति


# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**

**चैत्र पूर्णिमा**



संदीप कार्की ध्यानरत्न श्रामणेर बन्नुभएको दृश्य



मेत्ता सेण्टर ध्यानकुटी बालआश्रमका बालिकाहरू ध्यान साधना अभ्यास गरिरहनु भएको दृश्य

DHARMAKIRTI

**वर्ष– १९ अङ्क– १२ वार्षिक रु. ६०/– मूल्य रु. ५/–**

# मायादेवी मन्दिर बन्ने भयो रे !

२०, २५ वर्ष पहिले "लुम्बिनीको भविष्य उज्ज्वल" भन्ने शबर सुन्न पाएर विश्वका थुप्रै मानिसहरूमा ठूलो उत्साह र उल्लासको अनुभव भएको थियो। उत्साह बढे जस्तै लुम्बिनी विकास कोषको खडा पनि भयो। तर गुरुयोजना तयार हुनको लागि मात्र ५ वर्ष लाग्यो। अनि त लुम्बिनी विकासको आशालाई निराशाले ढाकीदियो।

२५ वर्ष पहिला सिद्धार्थ नगरबाट लुम्बिनी जाने बाटो पनि बनेको थिएन। बाटो बनाउने काम त शुरू गरियो तर कछुवा गतिले मात्र। बल्ल-तल्ल बाटो त बन्यो तर पुल बनेको छैन। अरू देशमा पहिले पुल बनाइन्थ्यो। तर हामीकहाँ भने बाटो पहिले पुल पछि।

जग्गा अधिकरण गर्दै वृक्षारोपण गर्ने कार्य त जोडतोडका साथ युद्धस्तरमा शुरू भयो। तर विहार, चैत्य निर्माण कार्य र अरू विकास कार्यको भने कुरा मात्र भयो काम चाहिं सून्य। विदेशी बौद्ध राष्ट्रहरूले लुम्बिनी विकास गर्न चाहन्थे तर उनीहरूले लुम्बिनी विकास कोषलाई रकम दिन भने तयार थिएन। १५, १६ वर्ष पछि अन्तर्राष्ट्रिय बौद्ध देशहरूलाई भवन निर्माण गर्नको लागि आवश्यक जग्गा वितरण गरियो। अनि जापान, भियतनाम, कोरिया, चीन, म्यान्मार, थाइल्याण्ड, श्रीलंका, महाबोधि सोसाइटी, नेपाल (धर्मकीर्ति विहार, अन्तर्राष्ट्रिय भिक्षुणी संघ) आदि देशहरूबाट चैत्य, विहार, धर्मशालाको लागि भवनहरू निर्माण गरियो।

यसरी ७५ प्रतिशत भन्दा बढी विकास कार्य त सम्पन्न भइसक्यो। तर लुम्बिनी विकास कोषको तर्फबाट नहर निर्माण, ढल निकास, बाटोमा कालोपत्र राख्ने आदि कार्य भने सम्पन्न गर्न बाँकी नै छ। चीन र बर्मा सरकारले दुई-तीन वर्ष भित्र नै निर्माण कार्य सिध्द्याइ दियो। यसरी अहिले लुम्बिनी विकासको कार्यहरू धमाधम सम्पन्न भइरहेको छ। निराश हुनुपर्दैन जस्तो लाग्छ।

अब आयो मायादेवी मन्दिर निर्माणको कुरो। जापानी बौद्ध संघलाई मायादेवी मन्दिर निर्माणको कार्य जिम्मा लगाइयो। माया देवीको मूर्ति अन्य स्थानमा सारियो र मन्दिर भत्काई उत्खनन् गरियो। उत्खनन् कार्य त खूब जोडतोडका साथ तीव्र रूपमा शुरू गरियो। लुम्बिनीको शोभाको रूपमा रहेको बोधिवृक्ष (पिपल बोट) पनि धाराशाही पारियो। उत्खननबाट प्राप्त भएका अमूल्य वस्तुहरू पनि कहाँ कहाँ पुगे। त्यसपछि मायादेवी मन्दिर बनाउने कुरा सेलाएर गयो। कतिवटा नक्सा बनाइए र पास भए। तर मन्दिर निर्माण कार्यमा भने ढीला सुस्तीले पिरल्यो।

खुशी र सन्तोषको कुरो हो हालै मात्र नेपालको तर्फबाट नै मायादेवी मन्दिर निर्माण कार्य थालिने निर्णय भयो। तर तुरून्तै एकहप्ता पछि नै ३ करोडबाट ६ करोड रकम निर्माण खर्च चाहिने कुरा उठिएछ। त्यसैले होला हाल चर्चा चलिरहेको सुनिन्छ, पुरानो नक्सा अनुसार मायादेवी मन्दिर निर्माण गर्नको लागि ३ करोड रुपियाँ भए प्रयाप्त पुग्छ रे। त्यसैले जनताले ६ करोड निर्माण खर्चको मागलाई अविश्वासको दृष्टिले हेरेको देखिन्छ।

हाल चैत्र महिनाको आधा महिना त बितिसक्यो। आगामी वैशाख पूर्णिमा सम्म त मन्दिर निर्माण कार्य सम्पन्न गरिने कुरो चलेको देखिन्छ। जे होस् यस कार्यमा नेपालको इज्जत समावेश भएको छ। त्यसैले मायादेवी मन्दिर अवश्य बन्नेछ। यसमा कुनै शंका छैन। मन लगाई युद्ध स्तरमा कार्य थालनी गरेको खण्डमा बुद्ध पूर्णिमा सम्ममा मन्दिर निर्माण कार्य सम्पन्न हुनेछ भन्ने आशा गर्न सकिन्छ। यसरी लुम्बिनी विकास कार्य सम्पन्न गरी विश्व सामु नेपाल विश्वास पात्र बन्न सघाउने यस पवित्र कार्यले हामी सबै नेपालीको गौरब बढाएको छ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन : २५८९५५

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन : २५३१८२
ज्ञानेन्द्र महर्जन
फोन : २७६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन : २५९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन : २५९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४५
नेपालसम्वत् ११२२
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

*A Buddhist Monthly*

**MARCH 2002**

| वर्ष- १९ | अङ्क- १२ | होलि पुन्ही | चैत्र २०५८ |
|---|---|---|---|




★ पापी व्यक्तिलाई यो लोक र परलोक दुवै लोकमा शोक हुन्छ, आफूले गरेको खराब कामलाई देखेर आफै उ दुःखी र पीडित हुन्छ ।

★★★

★ पुण्यवान व्यक्ति यो लोक, परलोक दुवै लोकमा सुखी हुन्छ, आफूले गरेको राम्रो कामलाई देखेर उ आफै सुखी हुन्छ, आनन्दित हुन्छ ।

★★★

★ क्रोध एउटालाई नाश गर्न सके सुख हुन्छ, क्रोधलाई नाश गर्न सके पीर हुँदैन । क्रोध नाश गर्न मलाई मन लाग्छ ।

# विपश्यी रामसुख मन्त्री

- कल्याणमित्र सत्यनारायण गोयन्का
*अनुवादक:* भिक्षु विशुद्धानन्द

जब सन् १९६९ को जून महिनाको अन्तिम हप्ता म बर्मदेखि भारत आएँ तब भारतमा लगभग दुईहजार वर्षदेखि विलुप्त भएको देशको पुरातन अनमोल विपश्यना विद्या पनि साथै आयो । पूज्य गुरुदेव सयाजी ऊ वा खिनको आदेश थियो कि म्यान्मामा भारतको जुन पुरानो ऋण छ त्यसलाई चुकाउँदै म यो अनमोल रत्न उसको तर्फबाट भारतलाई अर्पित गरूँ । अत्यन्त पुरातन हुँदाहुँदै पनि आजको भारतको लागि यो सर्वथा नयाँ विद्या थियो । नयाँ पनि यस्तो कि देशका जनता यस शब्दसम्म पनि भुलिसकेका थिए । यो शब्द जनतालाई नयाँ लाग्दथ्यो ।

१ सितम्बर, १९५५ का दिन जब म स्वयं विपश्यनाको पहिलो शिविरमा सम्मिलित भएँ तब त्यसभन्दा केही दिनपहिले पूज्य गुरुदेवले मलाई बताउनुभयो कि यो भारतको नै धेरै पुरानो विद्या हो । त्यसबेला यो शब्द मेरो लागि पनि नयाँ थियो । अत: घर आएर मैले हिन्दी शब्दकोशमा यस शब्दको अर्थ जान्न खोजें । तर शब्दकोशमा यो शब्द नै पाइएन । मसँग त्यस समय संस्कृतको जुन शब्दकोष थियो त्यसमा पनि यो शब्द उल्लेख थिएन । अत: मलाई शंका थियो कि अत्यन्त पुरानो हुँदाहुँदै पनि आजको भारतको लागि यो नितान्त अपरिचित विद्यालाई कोही कसरी स्वीकार गर्ला ? साथै विद्या पनि यस्तो कि जसलाई सिक्नको लागि दस दिनसम्म रातदिन मार्गदर्शकसँग नजिक बस्नुपर्दछ । कोही किन आओस् त्यसै ? मार्गदर्शक पनि देशको लागि अपरिचित थियो । करोडौंको जनसंख्या भएको देशमा त्यस समय कठिनले लगभग सयजना मानिसहरू मलाई जान्दथे अथवा म उनीहरूलाई जान्दथिएँ । कोही अपरिचित व्यक्तिकहाँ, कोही दस दिनसम्म आएर किन बसोस् ? बस्नको लागि कोही तयारी भए पनि निवासस्थान र भोजन इत्यादिको व्यवस्था कसरी हुन्छ ? कसले गरिदिन्छ ? यो सारा समस्याहरू मेरो अगाडि मुख खोलेर बसिरहेका थिए । त्यसैले पूज्य गुरुदेवले भन्नुभयो कि यो विद्या भारतमा सर्वथा लुप्त भैसकेको छ । अनमोल रत्न भारतलाई फर्काउने महत्वपूर्ण काम तिमीले गर्नुपर्दछ । तब मेरो मन सशंकित भएको थियो । यो सारा कसरी हुन्छ ? मैले आफ्नो मनको संकुचितता पूज्य गुरुदेवको अगाडि राखें तब उहाँले मुस्काउनु हुँदै भन्नुभयो कि तिमी किन डराउँछौ ? तिम्रो माध्यमबाट काम त वस्तुत: धर्मलाई गर्नुछ । यतिका लामो अन्तरालपछि त्यसलाई भारतमा पुन: प्रवेश गराउनु छ । धर्मले नै सारा व्यवस्था गर्ने छ । तिमी निश्चिन्त रहनु । अब विपश्यनाको डंका बजिसकेको थियो । समय आइसकेको छ । म्यान्मामा सदियौंदेखि सुरक्षित यो विद्या आफ्नो उद्‌गम देश भारतमा जानेछ र त्यहाँबाट सारा विश्वमा फैलिनेछ । उहाँले यो पनि भन्नुभयो कि यस समय साधारणतया सारा विश्वमा र विशेषतया भारतमा अनेक यस्ता पुण्य पारमी सम्पन्न मानिसहरूले जन्म लिएका छन्, जसमध्येबाट अनेक यस्ता छन् जो विपश्यनाको नाम सुन्दैमा चुम्बक जस्तै तिमीतिर तानिएर आउनेछ र तीमध्ये पनि कोही यस्ता छन् जसले आफ्नो पूर्वजन्महरूमा तिमीसँग रहेर आफ्नो पुण्यपारमी, आर्जन गरेका थिए । ती केवल तिमीतिर मात्र तानिएर आउँदैन कि, बल्कि तिम्रो यस धर्मकार्यमा धेरै महत्वपूर्ण सहयोगी बन्नेछन् । तिमीले चिन्ता गर्नुपर्ने आवश्यकता छैन ।

गुरुदेवको आशीर्वाद सफलीभूत भयो । भारत आउँदा एउटै पनि यस्तो व्यक्ति देखिदैन थियो जो कि दश दिवसीय विपश्यना शिविर लगाउन सकोस् । तापनि दुई हप्ता बित्दाबित्दै अत्यन्त अप्रत्याशित ढंगले कोही एक सज्जन शिविर सञ्चालन गर्ने सारा उत्तरदायित्व आफ्नो टाउकोमा लिनलाई अगाडि आयो र उसले अत्यन्त सफलतापूर्वक शिविर संचालित गरायो । अवश्य पनि ऊ पूर्वजन्महरूको पारमी सम्पन्न व्यक्ति थियो । यसैले भारतमा लगभग दुईहजार वर्षको अन्तरालपछि विपश्यनाको यो पहिले शिविर लगाउनमा सफल



Downloaded from http://www.dhamma.digital

सहयोगी बन्यो । यसपछि त शिविरहरूको ताँती नै लाग्यो । प्रत्येक शिविरमा एक या त्यसभन्दा अधिक यस्तो व्यक्ति सम्पर्कमा आउन थाल्यो जो मेरो लागि सर्वथा अपरिचित थिए तर उनीहरूलाई देख्दैमा मनमा यस्तो भाव जाग्दथ्यो कि यो व्यक्ति धेरै पुरानो परिचित हुन् । यस्ता मानिसहरू देशमा तथा देश बाहिर विदेशमा विपश्यनाको पुनर्स्थापनाको कार्यमा आफै जुर्न आए । पूज्य गुरुदेवको वाणी सत्य सिद्ध भयो । साँच्चै नै उनीहरू नै थिए जो अनेक पूर्वजन्महरूमा पारमी संचय संग्रह गर्नमा सहयोगी रहे होलान् ।

यस्तै नै एक पूर्वजन्मको साथी थियो श्री रामसुख मन्त्री । मुम्बइको पंचायती बडी धर्मशालामा १२-८-१९७१ देखि २२-८-१९७१ सम्म संचालित विपश्यना शिविरमा सम्मिलित हुन आए तब उसलाई देख्दैमा लाग्यो कि यो व्यक्ति पूर्वपरिचित छ । मैले देखें कि यस्ता मानिसहरूको विपश्यना सिक्नुमा कुनै पनि कठिनाई हुँदैन । अनेक अनेक जन्महरूका अभ्यास स्वत: जागेर आउने छ । जसरी माछालाई पानीमा तैरिनु कसले सिकाउँछ ? ऊ स्वत: स्वभावत: तैरिन लाग्दछ । मन्त्रीजी पनि त्यस्ता व्यक्तिहरूमध्ये थियो । पहिले शिविरमा नै ऊ विपश्यनामा डुब्यो । विपश्यना उसमा समाहित भयो । शिविर समापनमा ऊ मसँग भेट्न आयो तब गद्गद् कण्ठले केवल यत्ति नै भन्यो– “कस्तो अद्‌भुत विद्या हो । म धन्य भएँ ।”

पहिले शिविरमा नै मन्त्रीजी यति प्रभावित र लाभान्वित भयो कि मात्र दुई हप्ता बित्दाबित्दै आफ्नो केही अभिन्न मित्रहरूसँग अर्को शिविरमा भाग लिनको लागि फेरि मुम्बई आयो । उसका सारा साथीहरू उत्तिकै प्रभावित र लाभान्वित भए । उसैको समान उसका साथीहरूले पनि देखे कि यो विद्या सर्वथा निर्दोष छ । यहाँ धैर्यको सार्वजनीन र व्यवहारिक पक्ष नै सिकाइन्छ । काल्पनिक, पौराणिक, अन्धविश्वासलाई कुनै पनि समावेश छैन र सबैभन्दा ठूलो कुरा यो हो कि यो प्रत्यक्ष फलदायिनी छ । यसपल्ट जव ऊ आयो तब मलाई “मधु सञ्चय” को पुरातन प्रतिलिपीहरूको जिल्ला दिएर गयो, जुन हेरेर मलाई उसको साहित्यप्रेम र आध्यात्मिक रूचिको पर्याप्त जानकारी भयो ।

तदनन्तर ऊ स्वयं पनि अनेकपल्ट शिविरहरूमा आउँदै गयो र आफ्नो साहित्यप्रेमी तथा समाजसेवी साथीहरूलाई पनि आफूसँग ल्याउँदै गयो । सबैलाई लाभान्वित भएको देखेर ऊ अत्यन्त प्रसन्नता प्रकट गर्दथियो । उसको प्रबल इच्छा थियो कि यो सार्वजनीन कल्याणी विद्या सारा भारतमा फैलियोस् । कुनै एक शिविरको समापनमा यसको प्रसारणको बारेमा केही समयसम्म मसँग कुराकानी गरिरहयो । उसले अत्यन्त विनम्रभावले मलाई यो सुझाव दियो कि म आफ्नो प्रवचनमा बुद्धको नाम नलिऊँ । उसले स्पष्ट गऱ्यो कि, स्वयं उसलाई बुद्धको नामदेखि कुनै विरोध छैन । बुद्धप्रति उसको अपार श्रद्धा छ । तर देशमा अनेकप्रकारका मानिसहरू छन् जो बुद्धको सही शिक्षालाई नजानेको कारण यसलाई अनुभव गरेर पनि हेर्न चाहँदैनन् । उसले बतायो कि जब ऊ आफ्ना मित्रहरूलाई शिविरमा भाग लिनको लागि प्रेरित गर्दछ तब उनीहरूमध्ये कोही यस्ता छन् कि जो यसलाई बौद्धधर्म सम्झेर झस्किन्छन् । विद्या यत्ति शुद्ध छ कि प्रवचनहरूमा कतै बुद्धको नाम नलिएमा तब यो भारतको बहुसंख्यक मानिसहरूको लागि आफ्नो विद्या महशुस हुनेछ । यसले धेरै मानिसहरू यसलाई धेरै प्रसन्नतापूर्वक स्वीकार गर्नेछन् र लाभान्वित हुनेछन् ।

म उसको, सदाशयता र सद्‌भावनालाई खुब जान्दथें । उसको सुझावको एक मात्र उद्देश्य यही थियो कि विपश्यना जस्तो कल्याणकारी विद्याले मानिसहरू अज्ञानतावश यसले बञ्चित नहोस् कि यो बौद्धधर्म हो । अत: बुद्धको कतै पनि नाम नलिएर हामी यसको प्रचार किन नगरौं, जसले धेरै मानिसहरूको कल्याण होस् । म जान्दथें उसको भावना बहुजनको भलाईको लागि नै थियो । स्वयं उसलाई न बुद्धदेखि विरोध थियो न बुद्ध शिक्षाप्रति जुन परम्परागत भाव जगाइएको थियो त्यसलाई कसरी हटाउने ? उसको सुझावलाई स्वीकार गर्नुमा मलाई कति पनि व्यावहारिक कठिनाई थिएन । म कुनै पनि भारतीय परम्पराको ग्रन्थको आधार लिएर विपश्यना सिकाउन सक्दथें । तर यस्तो गर्नु सिद्धान्तत: गलत हुन्थ्यो । धैर्यको शिक्षा असत्यको आधारमा दिन

सकिंदैन । कृतघ्नता धर्मशिक्षालाई निष्प्राण बनाईदिन्छ । अत: मैले असमर्थता प्रकट गरें । रामसुखजीको समझदारी विलक्षण थियो । उसले तुरून्त विचार गऱ्यो र भन्यो कि साँच्चै कृतघ्नताभन्दा ठूलो अरू कुनै दोष हुँदैन । मानिसहरूलाई यो विद्या सिक्नमा कुनै असमंजस नहोस् यसै उद्देश्यले उसले यो सुझाव दिएको थियो । ऊ अत्यन्त सज्जन व्यक्ति थियो । उसको हृदय धैर्यचेतनाले भरपूर थियो । अत: उसको सुझाव नमान्दा उसलाई अलिकति पनि क्षोभ भएन । अन्तत: उसले मुस्कुराउँदै भन्यो कि, विपश्यना चाहे ढीलै फैलियोस् तर आफ्नो शुद्ध रूपमा नै फैलियोस्, यही उचित छ ।

यसपछि थाहा छैन कति शिविरहरूमा ऊ सम्मिलित हुँदै गयो र शिविरार्थीहरूको बढ्दै गएको संख्या देखेर उसको हृदय पुलकित हुँदैगयो । उसले अनेकपल्ट भन्यो कि कोही यसलाई बौद्ध धर्म, बौद्ध धर्म भनेर यसलाई पन्छाउन चाहन्छ भने, आफ्नै हानी गर्दछ । हामी चिन्ता किन गर्ने ? यो भारतको अत्यन्त पुरातन विद्या हो । भगवान बुद्धले यस हराएको विद्यालाई २६०० वर्ष पूर्व खोजेर निकाल्नुभयो । आफ्नो कल्याण गर्नुभयो र मुक्तहस्तले बाँड्नुमै, अनेकौंको कल्याणको सहायक हुनुभयो । यस ऐतिहासिक सत्यलाई लुकाउनुको सट्टा यसलाई खुल्ला नै राख्नुपर्छ । ऊ मेरो पूर्व निर्णयदेखि सर्वथा सहमति प्रकट गर्दैरह्यो । अगाडि गएर जब यो विद्या सारा विश्वमा फैलिन लाग्यो र भारत तथा विश्वका लाखौंको संख्यामा मानिसहरू यसबाट लाभान्वित हुनथाले तब यो देखेर उसको प्रसन्नता असीम हुनथाल्यो । संसारको कुनै यस्तो सम्प्रदाय छैन, कुनै यस्तो परम्परा छैन जसको अनुयायी यस विद्यालाई सहर्ष स्वीकार नगरेको होस् । यहाँसम्म कि हरेक परम्पराको आचार्य पनि यसमा सम्मिलित हुन थाले । यो देखेर उसको हृदय प्रफुल्लितभई उठ्थ्यो । केही दिनअघि पूर्णको दोस्रो विपश्यना केन्द्र, धम्मपुण्णको उद्घाटनको लागि म त्यहाँ गएँ । ऊ मसँग भेट गऱ्यो । तब उसको हृदय मोदले भरिएको थियो । साँच्चै मानिसहरू भगवान बुद्धलाई र उहाँको नितान्त निर्मल सार्वजनीन शिक्षालाई देशमा कसरी बिर्से, मानौं सारा देश आफ्नो यस ऐतिहासिक महापुरुषलाई नै पराया सम्झिन लाग्यो, विदेशी सम्झिन लाग्यो । यसरी नै उहाँको पावन शिक्षालाई पराया सम्झिन लाग्यो, विदेशी सम्झिन लाग्यो । अब यतीबढी संख्यामा मानिसहरू सत्यलाई जान्न थाले, बुझिरहेका छन्, यसबाट लाभान्वित भइरहेका छन् । यो भन्दा बढी प्रसन्नताको कुरा अरू के हुनसक्छ ? यो सत्य हो कि अहिले पनि अनेक यस्ता मानिसहरू छन् जो यस विद्यालाई बौद्धधर्म भनेर नाक खुम्च्याउँछन् र अर्कोतिर भाग्छन् । विस्तार विस्तार उनीहरू पनि बुझ्न थाले कि भगवान बुद्धले धर्म सिकायो र धर्म त सबैको हुन्छ । धर्म कुनै एक समाज, एक समुदाय, एक सम्प्रदायसम्म सीमित हुने गर्दैन । यो शील सदाचार को, चित्तलाई संयमित गर्ने समाधिको र त्यसलाई जरैसम्म शुद्ध गर्ने प्रज्ञाको धर्म हो, जुन सार्वजनीन छ, सबैको हो । शुद्ध धर्म मनुष्य मनुष्यमा भेदभाव गर्दैन । जाति या वर्ण या गोत्र या वर्णको आधारमा कसैलाई ठूलो र सानो मान्दैन । कोही पनि आमाको पेटबाट जन्मिएको होस्, जसले यसलाई धारण गर्दछ, कुनै सज्जन बन्दछ, महान बन्दछ, पूज्य बन्दछ । यो सार्वदेशिक हो, विश्वको सारा देशहरूको लागि हो । कुनै एक देशसम्म सीमित छैन । यो सार्वकालिक हो, सनातन हो, तब समय सबैको लागि समान रूपले उपयोगी छ । यसको यो सर्वजन हितकारी सत्य स्वरूप अब विश्वभरमा प्रकट हुँदै गइरहेको छ, पुष्ट हुँदै गइरहेको छ । मन्त्रीजीको लागि यसभन्दा ठूलो सन्तोषको अरू के कुरा हुनसक्थ्यो ?

मन्त्रीजीसँग यो मेरो (यस जन्मको) अन्तिम मिलन थियो । तर विपश्यनाको क्षेत्रमा अन्य अनेक भावी जन्यहरूसम्म साथ रहनेछ, यस्तो दृढ विश्वास छ । साँच्चै यस्तै व्यक्ति अनेक पूर्वजन्मदेखि साथ रहेका थिए र भविष्यमा पनि अन्तिम लक्ष्य प्रष्ट गरूञ्जेलसम्म कुनै न कुनै रूपमा साथ रहने छौं । मन्त्रीजी अत्यन्त पुण्यशाली थियो, पारमी सम्पन्न थियो । धर्मपथको पथिक साथी थियो । उसको धर्मपथको कल्याणी यात्रा सफलीभूत हुनेछ, यसमा कुनै शंका छैन ।

■



Downloaded from http://www.dhamma.digital

# धम्मपद–१४७

– रीना तुलाधर, 'परियत्ति सद्धम्म कोविद'

**यस्स जितं ना'व जीयति**
**जितम'स्स नो याति कोचि लोके**
**तं बुद्धम'नन्त गोचरं**
**अपदं केन पदेन नेस्सथ ?**

अर्थ- जसको विजयलाई फेरि पराजित गर्न सकिन्न, जसको क्षय भईसकेको राग, द्वेष, मोह फेरि उत्पन्न हुने छैन, त्यस्ता अनन्त गोचर भएका अर्थात् सबै जानेकालाई कुन पथबाट लान खोजिरहेका छौ ?

**यस्स जालिनो विसत्तिका**
**तण्हा नत्थि कुहिञ्चि नेतवे**
**तं बुद्ध म'नन्त गोचरं**
**अपदं केन पदेन नेस्सथ ?**

अर्थ-

जसको फैलेर जाने जाल छैन, जसलाई विषरूपि तृष्णाले यो लोकमा कहिं लानै सकिंदैन, त्यस्ता अनन्त गोचर भएका, पथविहिन भएकालाई कुन पथबाट लिएर जान खोज्दैछौ ?

घटना-

उपरोक्त गाथाहरू गौतम बुद्धले बोधिवृक्षमा बस्नु हुँदै मार पुत्रीहरूलाई भन्नु भएको सन्दर्भलाई लिएर पछि मागन्दीय ब्राह्मणलाई उपदेश दिंदै भन्नुभएको थियो ।

त्यतिबेला कुरू देशमा मागन्दीय नामका एक ब्राह्मण थियो । तिनका एक अति सुन्दरी पुत्री थिइन् जसको नाम पनि मागन्दीय नै थियो । मागन्दीय अति सुन्दरी भएकोले धेरै ठाउँबाट ब्राह्मण, क्षत्री कुलबाट तिनीसँगै बिहे गर्न प्रस्तावहरू आउँथ्यो । तर बाबुचाहिँ मागन्दीयले आफ्नो छोरीको सौन्दर्यमा घमण्ड गरेर तिनीहरू सबै पुरुषलाई 'तिमीहरू मेरी छोरीलाई सुहाउँदैनौ' भन्दै अस्वीकार गर्थ्यो ।

एकदिन शाक्यमुनी बुद्धले विहान 'आज कसलाई बोध गरूँ' भनेर करूणा समापत्ति ध्यानले हेर्नु भएको बेला मागन्दीय ब्राह्मण र तिनकी पत्नी ब्राह्मणीले तेस्रो तहसम्मको मार्ग फल प्राप्त गर्न सक्ने लक्षण देख्नुभयो । अनि गौतम बुद्ध पात्र चीवर लिएर मागन्दिय ब्राह्मणको गाउँमा त्यसलाई भेट्ने बाटो भएरै जानुभयो । ब्राह्मणले तथागत बुद्धलाई देख्ने बित्तिकै आफ्नी छोरीलाई यो भन्दा लायकको पुरुष अरू हुने छैन भनी निर्णय गरी शाक्यमुनी बुद्धलाई भेटेर आफ्नी छोरी कन्यादान दिने प्रस्ताव राख्यो । मागन्दीयको कुरा सुनेपछि बुद्धले स्वीकार पनि गर्नु भएन, अस्वीकार पनि गर्नुभएन । चुप लागेर बस्नुभयो । भगवान बुद्ध मौन भएर बस्नु भएकोले आफ्नो प्रस्ताव स्वीकार गर्नुभएको भनीठानी दंग भएर बुद्धलाई एकछिन पर्खेर बस्न भनी दौडेर घर गयो ।

घरमा पुगेर ब्राह्मणीलाई सबै कुरा सुनायो । छोरीलाई हतार हतारमा सिंगार पटार तयार गराई छिटो घरबाट निस्केर बुद्धलाई पर्खाएको ठाउँमा आयो । गौतम बुद्ध मागन्दीय ब्राह्मणलाई भेटेको ठाउँमा नबसीकन अर्कै ठाउँमा हिँडेर जानुभयो र हिँडेको ठाउँमा आफ्नो पाद चिन्ह देखाएर जानुभयो । ब्राह्मण आएर हेर्दा बुद्ध त्यहाँ नदेखेपछि यताउति खोज्दा भुइँमा बुद्धको पादचिन्ह देखेर यहिंबाट हिँड्नुभयो होला भनेर आफ्नी पत्निलाई देखाए । ब्राह्मणी चाहिँ हस्त लक्षण विद्या जानेकी रहिछ । तिनले बुद्धको पाद चिन्ह देख्ने बित्तिकै 'यो त क्लेश विहीन भईसकेका वीतरागी पुरुषको पादचिन्ह हो, यिनले हाम्री छोरीलाई बिहे गर्ने छैन' भनेर यकिन साथ भनिन् । मागण्डीय ब्राह्मणले 'मैले राखेको प्रस्ताव तिनले स्वीकार गरिसके । तिमी नचाहिने कुरा गर्छौ' भनेर पत्नीलाई झपारे । यताउति खोज्दै जाँदा तिनीहरूले गौतम बुद्ध एक ठाउँमा बस्नु भएको देखे । त्यहाँ पुगेर बुद्ध समक्ष आफ्नी छोरीलाई उभ्याएर 'यी कन्या तपाईँलाई बिहे गर्न दिन्छु' भनेर छोरी दिन ल्याए । शाक्यमुनी बुद्धले अरू केहीनभनीकन भन्नुभयो– "ब्राह्मण ! तिमीलाई मैले केही भन्नु छ । राम्ररी सुन !"

भगवान बुद्धले मागण्डीय ब्राह्मणलाई आफ्नो बितेको जीवनको कथा गृहत्याग देखि शुरू गरेर सुनाउनु भयो । सिद्धार्थले छन्न सारथी र कन्थक घोडाको सहयोग लिएर गृहत्याग गरेर नगरको बाहिर पुग्न लागेको समयमा नमूचि मार आएर सिद्धार्थलाई रोक्न आयो– "आजबाट सात दिनपछि चक्रवर्ती राजा हुनेछौ । दरवारतिर फर्क ।" सिद्धार्थले भने– "यो कुरा मलाई थाहा छ । सर्वज्ञ ज्ञान प्राप्त गर्न म गृहत्याग गरेर आएको हुँ ।" त्यतिबेला देखि सिद्धार्थले छ (६) वर्ष तपस्या गरून्जेलसम्म मारले सिद्धार्थलाई भड्काउने प्रयास गरिरहे । अन्त्यमा सिद्धार्थले बुद्धत्व प्राप्त गरे । तब मारले अब मैले यिनलाई हराउन सक्दिन भनी झुकेर बसीरहे । यो देखि मारका तीनवटी छोरीहरू तण्हा,

अरती र रगा आएर भन्न आए– हामी गएर तिनलाई तृष्णाको जालमा फसाउँछौं । यति भनी मारपुत्रीहरूले अनेकौं रति, रागको मञ्चन गरेर बुद्धलाई भड्काउने प्रयास गरे । आखिरमा उनीहरूले हार माने । तब भगवान बुद्धले आँखा खोलेर तिनीहरूलाई भन्नुभयो– “तिमीहरू यहाँबाट हटेर जाऊ । तिमीहरूले केको आशमा यो प्रयास गर्न आइरहेछौ ?यस्तो हीन काय क्लेश क्षय भई नसकेका अवीत रागीहरूकहाँ गएर देखाउनु पर्छ । म तथागतको राग, द्वेष, मोह इत्यादि क्लेश जति क्षय भइसक्यो । कुनै कारणबाट पनि तिमीहरूले मलाई बसमा लिन सक्ने छैनौ ।” यस्तो आज्ञा भएर बुद्धले उपरोक्त दुईवटा गाथाहरू भन्नुभयो । गौतम बुद्धको यो उपदेश सुनेपछि मारपुत्रीहरू लोप भएर गयो ।

भगवान बुद्धले मागण्डीय ब्राह्मणलाई बोध गराउन आफ्नै जीवनको यस सान्दर्भिक घटना सुनाउनु भएपछि ब्राह्मणलाई सम्बोधन गरेर भन्नुभयो– “हे मागण्डीय ब्राह्मण ! नमूचि मारका तीनवटा सुन्दरी छोरीहरू जो शरीरभित्र मलमूत्र नभएका शरीरको दुर्गन्ध पनि नभएका स्वर्ण वर्ण भएका त्यस्ता सुन्दरीहरू देखेर त ममा कामतृष्णा जागेन भने शरीर भित्र मलमूत्रलेयुक्त भएकी तिम्री छोरीलाई त मैले पाउको धुलोले मात्र छोईदिउ भने पनि छुने इच्छा छैन ।”

गौतम बुद्धले यस प्रकार आफूमा काम तृष्णा बाँकी नरहेको सन्दर्भकथा सहित उपदेश दिनु भएपछि मागण्डीय ब्राह्मण र तिनकी पत्नी दुवैजना बोध भए । ■

# सम्यक पूजा–४

प्रस्तुति भिक्षु विशुद्धानन्द (प्राणपुत्र)

**अब हामी मैत्री भावना पाठ गरौं–**
दु:खी हुने इच्छा हुँदैन कसैको
सुखी हुने मात्र चाहना गर्दछ
आफू जस्तै सुखी हुने इच्छा सबैको
त्यसैले सबैप्रति मैत्री भाव राखौं
म वैररहित क्रोधरहित होउँ
बाधारहित होउँ सुखी निरोगी होउँ
म जस्तै मेरा आमा बाबु गुरु
हितैषी परिचित उपेक्षित शत्रू
वैररहित होउन् क्रोधरहित होउन्
बाधारहित होउन् सुखी निरोगी होउन्
दु:ख मुक्त होउन् कर्म कै फल हुन्
भोग सम्पत्ति बाट वञ्चित नहोउन्
आवाश शहर जिल्ला राज्य महादेश
पृथ्वी चक्रवालका सारा प्राणिहरू
वैर रहित होउन् क्रोधरहित होउन्
बाधारहित होउन् सुखी निरोगी होउन्
दु:ख मुक्त होउन् कर्म कै फल हुन्
भोग सम्पत्ति बाट बञ्चित नहोउन्
दशै दिशाहरूका ब्रह्मा देव मनुष्य
पशुपंक्षी असुर प्रेत नरकावासी
वैर रहित होउन् क्रोध रहित होउन्
बाधारहित होउन् सुखी निरोगी होउन्
दु:ख मुक्त होउन् कर्म कै फल हुन्
भोग सम्पत्ति बाट बञ्चित नहोउन् ।

**अब हामी अशुभ भावना पाठ गरौं–**
अनन्त दोषयुक्त शरीर विष रूख समान
शुभ देख्छ मूर्खले अविद्याले ढाकेर
दुर्गन्ध असुची शरीर रछ्यान फोहोरको थुप्रो
निन्दित ज्ञानी द्वारा मूर्खद्वार प्रशंसित
केश रौं नङ दाँत छाला
मासु नसा हड्डी मासी मृगौला
मृटु कलेजो किलोमक फियो फोक्सो
सानो आन्द्रा ठूलो आन्द्रा आमाशय मल गिदि
यदि यस शरीरको भित्री भाग वाहिरिएमा
निश्चय दण्ड लिएर काग कुकुर धमाउँछ
पित्त खकार पिप रगत पसिना तेल
आँसु बोसो थूक सिंघान र्‍याल पिसाब
यसरी नौ श्रोतद्वारा असूची बग्दछ सर्बदा
कानेगुजी चिप्रो साथै वान्ता हुन्छ एकदा
अग्नी जीर्ण सन्तापन परिडाह परिपाचक
फिंजपिण्ड समान रूप बेदना पानी फोका समान
मृगतृष्णां समान संज्ञा संस्कार केरा थाम समान
मायाजाल समान विज्ञान आदित्य बन्धु देशित
वायु उदान अपान पेटको तथा आन्द्राको
अंग प्रत्यंग चलाउने आश्वास प्रश्वास पनि

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# मंगल : छोटो परिचय

- सुजनकीर्ति भिक्षु, बैंकक

**मंगल भनेको के हो ?**

- शुभ हुने तथा श्रेयकारी मानिने कुनै पनि काम वा कुरालाई मंगल भनिन्छ । कल्याणकारी कर्म वा कुनै व्यक्तिले गरेको शुभकार्यलाई नै मंगल भनिन्छ ।

**शाक्यमुनि बुद्धले मंगलको बारेमा कुन स्थानमा उपदेश दिनु भएको थियो ?**

- श्रावस्ति स्थित जेतवन विहारमा दिनु भएको थियो।

गौतम बुद्धले बताउनु भएका यी ३ प्रकारका मंगल उपदेशले मानव समाजको कल्याण हुनेहुँदा बुद्धले जेतवन सभामा मंगलको बारेमा बताउनु भएको थियो ।

मंगलको बारेमा बताउनु भएको उहाँका सम्पूर्ण उपदेश प्राकृतिक र सजिव सत्य हो । सफल र पूर्ण जीवनको लागि आवश्यक गुणधर्म वा तत्व हो । यी प्राकृतिक सत्यलाई राम्ररी अध्ययन गरी दैनिक जीवनमा प्रयोग गर्न सकेमा सिद्धै विकास हुनेछ । उच्च जीवनको लागि मंगल विधी बारेमा मात्र उहाँले बताउनु भएको नभई मंगल जीवन विकासको सुखद् लक्ष्यमा पुग्न गर्नुपर्ने मानव कर्तव्यको बारेमा पनि विस्तार रूपले विभिन्न सुत्रको रूपमा बताउनु भएको छ । बुद्ध धर्मका हरेक उपदेश वा धर्मदेशनाहरू मानव विकासको लागि हो । असल व्यक्ति हुनु वा आफू एक्लै असल हुनुको लागि मात्र नभई छर-छिमेकीसँग गर्नुपर्ने उचित कार्य र सामाजिक कर्तव्यको बारेमा पनि बताउनु भएको छ । आफ्नो मन, भस्तिस्कलाई क्लेश (मल) बाट मुक्त पारी शुद्धहुनु परम सुख वा निर्वाण लाभ हो । यो संसारीक दु:खको भुमरी देखि छुटकारा पाउनु वा छुट्नु नै मानव जीवनको उच्चतम अन्तिम लक्ष्य हो । दु:खबाट मुक्त भई सुख प्राप्त हुनु नै हाम्रो जीवनको लागि मंगल हो । गौतम बुद्धले बताउनु भएको ३८ वटा मंगल छोटो चर्चा गरौं –

(१) **मुर्खको संगत नगर्नु *(असेवना च बालानं)***

खराब आचरण भएको व्यक्तिसँग कहिल्यै संगत नगर्नु किनकी उनीहरूसँगको हेलमेलबाट हामी र हाम्रो जीवनलाई अन्धकार र दु:खमा धकेली त्यसैमा अल्झाई विभिन्न प्रकारका कठिनाईको सामना गर्न लगाउनेछ र हाम्रो उज्ज्वल भविष्यलाई विगारी दिनेछ ।

(२) **पण्डितजनको संगत गर्नु *(पण्डितानञ्च सेवना)***

असल र राम्रो व्यक्तिको संगत गर्न जान्नु र गर्नु । किनकी उहाँहरूको संगतबाट हामीलाई दु:ख र कठिनाईलाई नराम्रो बाटोमा लगी भोग्नु पर्ने छैन । यसको ठीक उल्टो हामी असल र राम्रो बाटोमा लाग्नेछौं र उज्ज्वल भविष्यको प्रकास जीवनमा छाउनेछ ।

(३) **पूजनियजनको पूजा गर्नु *(पूजा च पूजनीयानं)***

उदाहरणीय व्यक्तिहरूको अनुशरण गर्नु वा असल सुलभ पूर्वक जीवन बिताउनेहरूको पूजा गर्नु, हितकारी, परोपकारी उपदेशकहरूको पूजा र उहाँहरूले देखाउनु भएको राम्रो बाटोमा लागी काम गर्नु नै हाम्रो लागि मंगल हो । पूजनिय पुद्गलको पूजाबाट हामीमा भएको मिच्छादृष्टिलाई हटाउन मद्दत पुग्नेछ ।

(४) **अनुकूल देशमा बस्नु *(पतिरूप देसवासो)***

सामाजिक वातावरणले अनुकूल भएको ठाउँमा रहन सिक्नुनै हामी र हाम्रो लागी मंगल हो किनकी उचित वातावरणले युक्त समाजमा बस्न पाएमा हामी र हाम्रो जीवनको भविष्यको उन्नती र विकास सजिलै हुनेछ ।

(५) **पूर्व संचित पुण्य हुनु *(पुब्बे च कतपुञ्ञता)***

राम्रो असल जीवनको तयारीको शुरूवात नै हाम्रो पुण्यको मूलस्रोत हो । असल कार्य वा परोपकारबाट प्राप्त भएको शुभफलको संचितले नै जीवनमा सुख, शान्ति र असल बस्तुको लाभ हुन सहयोग दिनेछ । यहि शुभकार्य नै हाम्रो भविष्यको लागि सञ्चितधन (पुण्य) हुनेछ ।

(६) **सम्यक बाटोमा रहनु *(अत्तसम्मा पणिधीच)***

गुणधर्म वा चरिया धर्मलेयुक्त हुनु वा आफूलाई उचितस्थान वा सम्यक बाटोमा राख्नु नराम्रा अकर्तणिय कामबाट अलग्ग भई सम्यक बाटोको अबलम्वन गर्नु नै मंगल हो । नावाले जसरी डुंगालाई आफ्नो स्वइच्छाले उचित रूपमा संतुलित राखी अन्तिम लक्ष्यमा पुऱ्याइदिन्छ त्यस्तै सम्यक (असल) बाटोमा लागेका गुणधर्म र चरिया धर्मलेयुक्त व्यक्तिको जीवन सुख र शान्तिपूर्वक अन्तिम लक्ष्य निर्वाणमा पुऱ्याइदिन्छ ।

(७) **बहुश्रुति हुनु *(बाहुसञ्चञ्च)***

समयलाई बुझि खेरनफाली हरपल अध्ययन वा

शिक्षाको खोजी गर्नु उच्च जीवनका लागि महत्वपूर्ण लक्षण तत्व हो । मेहनत पूर्वक हरपलको अध्ययन कार्यबाट यो हरपल परिवर्तित संसारसँग रहने वा यो वैज्ञानिक प्रविधि सँग-सँगै जाने कलालाई बुझ्नेछ तर ती सबै परिवर्तनलाई अनुगमन गर्नु अनुचित छ । ती उत्पादित वस्तुहरूलाई राम्ररी विचार गरीमात्र अनुशरण गर्नुपर्दछ । त्यसैले सम्पूर्ण क्षेत्रको ज्ञान हुनु नै जीवनको लागि मंगल हो ।

**(८) शिल्प-विद्या सिक्नु *(सिप्पञ्च)***

आजको यो आधुनिक युगमा नभई नहुने अंगको रूपमा शिल्प विद्यालाई लिए पनि कुनै फरक पर्दैन । कुनै पनि कार्य वा जीवन धान्ने कामको लागि शिल्पको आवश्यक पर्दछ । अथवा आफ्नो खुट्टामा आफैं उभिनको लागि नभई नहुने तत्व नै शिल्प विद्या हो । त्यसैले राम्रो तथा समाजसँग अनुकूल सम्मा आजीव गर्न योग्य हुनु आवश्यक हुन्छ । फुर्सद समयलाई खेर नफाली विभिन्न शिल्पविद्याको प्रशिक्षण आदि लिई बाटो खोली राख्नु नै जीवनको उज्ज्वल भविष्यको बाटो देख्नु हो ।

**(९) विनयमा सुशिक्षित हुनु *(विनयो च सुसिक्खितो)***

छरछिमेकमा वा गाउँ समाजमा शान्ति हुनु नै त्यहाँको निती नियमलाई आदरपूर्वक पालन गर्नु हो । जस्तै भिक्षुसंघ असल विनयले युक्त हुनुभएको हुँदा कहिल्यै अर्काको कुभलो चिताउनु हुन्न । विनय सुखी जीवनको आधार हो ।

**(१०) सुभाषित वचन बोल्नु *(सुभासिता च वाचा)***

असल र ज्ञानगुणले युक्त वचनले उज्ज्वल भविष्यको गोरेटो पाउनेछ किनकि असलकुरा गर्नु भनेको सत्यधर्मको कुरा गर्नु तथा प्रत्येक वचनमा सार र प्रमाणसहित (हेतु र फलको युक्त) हुनु आवश्यक छ । त्यतिमात्र नभई समय अनुसारको उचित रूपमा बोल्न पनि जान्नु पर्छ । सुभाषित हुनु नै एक आपसमा मित्रता र सहानुभुति कायमराखी सुखी समाज र शान्त जीवन व्यतित गर्ने एक विधी पनि हो ।

**(११) माता पिताको सेवा गर्नु *(मातापितु उपत्थानं)***

बुबा आमाको राम्रो सेवा सुसार गर्नु नै हाम्रो जीवनको प्रमुख कर्तव्य हो । उज्ज्वल भविष्यको निश्चितता हो किनकि उहाँहरूको गुण हामीमाथि विशाल छ । उहाँहरू नै हाम्रो पहिलो गुरु हुनुहुन्छ । जसले यो संसारलाई देखाई दिनुभयो । उहाँहरू सँधै हाम्रो उज्ज्वल भविष्यको पखाईमा बसीरहनु हुन्छ । त्यसैले आमा बुबाको सेवा गर्नु नै मंगल हो ।

**(१२) छोराछोरीका पालन-पोषण गर्नु *(पुत्तस्स संगहो)***

आफ्ना छोराछोरीलाई तनमनले पूर्णरूपले मायाको आभास गर्नुदिनु नै आमा बुबा हुनेहरूको प्रमुख कार्य हो । किनकी आमा बुबाको बानी व्यवहारको फलस्वरूप बच्चामा असर पर्दछ । त्यसकारण आमा बुबाको न्यानो मायाले नै छोराछोरीले भविष्यको असल कर्णधारको रूप लिन सकिने छ । त्यसैले भविष्यको कर्णधार बनाउने कार्यमा आमाबुबाको ठूलो दायित्व निर्भर भएको छ । छोराछोरीलाई न्यानो माया दिई असल व्यक्ति बनाउनु नै उच्चतम मंगल हो । *क्रमशः*

★

## मूर्ख

- रामभक्त प्रधान

**मनू धयापिं नं गज्याःपिं दय्योगु**
**हालेगु ख्वय्गु न्हिलेगु व ल्वाय्गु**
**न्हिच्छिं थःत थजाःगु हे ज्याय् तक्यंकेगु**
**थुजाःपिं मनूतसें यानाः संसार हे मूर्ख जूगु**
**तर संसारया नियम थ्व हे जुयाच्वंगु**
**थःत थम्हं स्वय्फत धाःसा मूर्ख मजुईगु ।**

धर्मप्रचार — समाचार

## आनन्दकुटी विद्यापीठको ५० औं जन्म जयन्ती

२०५८ फागुण ५ गते, आनन्दकुटी, स्वयम्भू । आनन्दकुटी विद्यापीठले पचासौं वर्ष पार गरेको उपलक्ष्यमा स्वर्ण जयन्ती कार्यक्रम हर्षोल्लास पूर्वक सम्पन्न गरिएको छ । श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव तथा श्री ५ बडामहारानी कोमल राज्य लक्ष्मी देवी शाहको समुपस्थितिमा सम्पन्न उक्त स्वर्ण जयन्ती कार्यक्रमको अवसरमा विभिन्न अन्य कार्यक्रमहरू पनि सञ्चालन गरी एउटा स्मारिका पनि प्रकाशनमा ल्याएको कुरा थाहा हुन आएको छ ।

स्मरणीय छ आचार्य डा. भिक्षु अमृतानन्द महानायक महास्थविरद्वारा यस विद्यापीठ वि.सं. २००८ सालमा आनन्दकुटीमा स्थापना गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# इतिहास–३

– प्रकाश वज्राचार्य

सम्राट अशोकले **मध्यांतिक** भिक्षुको नेतृत्वमा धर्म प्रचारार्थ पठाएका दल काश्मीर र गन्धार (पाकिस्तान) मा यस्तरी सफल भयो कि शताब्दीऔंसम्म काश्मीर बुद्ध-धर्मको प्रमुख केन्द्र रह्यो ।

यसै धर्म प्रचारको सिलसिलामा सिरिया, मिश्र, मासेडोन, साइरेन, इपिरस आदिमा भिक्षु **महारक्षित**ले प्रचार गरे । यिनीहरू लात्मिया, लिथुआनिया, एस्टोनिया (पूर्वी युरोपेली राष्ट्रहरू), प्यालेस्टाइन, माक्दोनियासम्म पुगेका थिए ।

नेपालमा पनि यही समयमा (ई.पू. २४८) औपचारिक रूपमा बुद्ध-धर्मको प्रवेश भयो । सायद यसको श्रेय अशोकले हिमालय प्रदेशमा धर्म प्रचारार्थ पठाइएका भिक्षु **मध्यम**लाई जान्छ । त्यतिबेला नेपालमा किराँति राजा **स्थुन्को**को शासन थियो । त्यही समयमा अशोकको छोरी **चारूमति**ले राजकुमार देवपालसँग विवाह गरी नेपालमै बसिन् र चाबहिलको विहारको निर्माण गरिन् । पाटनका चार थूरहरूका त्यति नै बेला निर्माण भयो ।

केही मात्रामा भए पनि बुद्ध-धर्मको प्रचार अशोकभन्दा पहिले नै नेपाल (काठमाण्डौ उपत्यका) मा भइसकेको हुन सक्दछ । पालि साहित्य अनुसार बुद्ध हिमालतिर पनि एकपल्ट आउनु भएका थिए । नेपाली वंशावली अनुसार किराँती राजा **जितेदास्ति**को पालोमा बुद्ध नेपाल आउनु भएको थियो । तर सम्भवत: बुद्ध काठमाडौं उपत्यका भित्र आउनु भएको थिएन । त्यस्तै सर्वास्तिवादी साहित्य अनुसार भिक्षु आनन्द नेपालमा पस्नु भएको थियो । तर यो कुरा पनि सन्देहात्मक नै छ । विडूडभले भगाएर पठाएका केही शाक्यहरू नेपाल पसेको हुन सक्दछ । कोलियहरू आई स्थानीय केलटोलमा कोलिय ग्राम बनाई बसेका थिए ।

**बर्मामा** पनि बुद्ध-धर्मको प्रवेशबारे थुप्रै जनश्रुतिहरू छन् । तर वास्तवमा त्यहाँ पनि सम्राट् अशोकले ई.पू. २४८ तिर पठाएका भिक्षुहरू **सोण** र **उत्तर**हरूले नै बुद्ध-धर्मको प्रसार शुरु गरेको हुनु पर्दछ ।

आधुनिक **बंगलादेशमा** पनि बुद्ध-धर्मको व्यापक प्रचार प्रसार भएको सम्राट् अशोक कै पालामा हो ।

सम्राट् अशोकले गरेको बौद्ध महाधिवेशनबाट निस्कासित सर्वास्तिवादी भिक्षुहरूले पनि नालन्दामा महाधिवेशन गरेर आफ्नो सङ्गठन सशक्त पारे ।

अशोकको पालो सम्ममा बुद्ध वचन ग्रन्थमा लेखिएको थिएन । न त महायान र हीनयान नै छुट्टिसकेको थियो । यहाँ यो कुरा मनन-योग्य छ कि दुवैले अशोकलाई बुद्ध धर्मको महान् प्रचारकको रूपमा लिन्छन् । चुंकि परम्परागत थेरवादी र त्यसबाट निस्केको सर्वास्तिवादीहरूको सूत्र पिटक र विनय पिटक झण्डै उस्तै भएको, तर अभिधर्म पिटक भने फरक रहेकोले अभिधर्म पिटक नै तेस्रो संगायनाको प्रमुख कारण पनि हुन सक्दछ । स्मरणीय छ कि अभिधर्मको कथावत्थु तेस्रो संगायनामा थेरवादी भिक्षु मौद्गलिपुत्र तिष्यले लेखेका थिए ।

सम्राट अशोकको मृत्युपछि भारतमा विस्तारै राजनैतिक अस्थिरता आउन थाल्यो । उत्तर पश्चिमी भागमा ग्रीक शासित राज्यहरू पुन: शक्तिशाली हुन थाले । ती राज्यहरूमा पनि बुद्ध धर्मको ठूलो प्रभाव परिसकेको थियो । विस्तारै विस्तारै पश्चिमी एसिया र यूरोपमा पनि बुद्ध-धर्मले प्रभाव पार्‍यो । स्वयं जेसस क्राइष्ट बुद्धको विचारधारा देखि प्रभावित भएको कुरा विद्वानहरू मान्दछन् । बुद्धको जीवनीमा घटेको कृशा गौतमीको घटना क्राइष्टको जीवनीमा पनि पाइन्छ । हंगेरीको राजधानी बुढापेष्ट "बुद्ध" शब्दबाट बनेको मानिन्छ । अफगानिस्तानमा बुद्धको उपदेश सुनिरहेको रोमन देउता हरक्यूलिसको मूर्ति भेट्टिएको छ । अर्कोतिर बौद्ध कला पनि ग्रीक र रोमन कलाबाट अत्याधिक प्रभावित भएको पाइन्छ । बुद्धको चित्ताकर्षक मूर्ति ग्रीकरोमन शैलीको हो । ग्रीक र रोमनहरू मूर्तिकलामा प्रख्यात छन्, तिनीहरूकै प्रभावले गर्दा भारतमा मूर्तिकलाको विकास भएको हो ।

भारतको उत्तर पश्चिमी भूभागमा करिब ३० जना जति ग्रीक राजाहरूले शासन गरे । ती मध्ये ई. पू. १५० तिरका इण्डोग्रीक **राजा मिलिन्द** (Minander) ले मात्रै भारतको इतिहासमा प्रभाव पारेको देखिन्छ । उनी ठूला तार्किक विद्वान् थिए, र बुद्ध-धर्म समेत थुप्रै धर्मका ज्ञाता थिए । ठूला ठूला विद्वान्हरूलाई वादविवादमा पराजित गर्थे । एकपल्ट राजधानी सागल (वर्तमान स्यालकोट) मा नवयुवक र प्रतिभावान् **भिक्षु नागसेन**सँग उनको भेट भयो । दुवैको शास्त्रार्थ भयो । राजा मिलिन्दले बुद्ध-धर्म सम्बन्धी ती नै प्रश्नहरू उठाए

जुन प्रायः आधुनिक विद्वान्हरू पनि उठाउने गर्दछन् । **नागसेनले** यति स्पष्टसँग राजाको शंकाको समाधान गरिदिए कि राजा मिलिन्दले आफूलाई बुद्धको अनुयायी घोषित गरे । मिलिन्द र नागसेन मध्य भएको अति रोचक छलफल **"मिलिन्द प्रश्न"** नामक ग्रन्थको नामले प्रख्यात छ । थेरवादीहरू त्रिपिटक जस्तै यो ग्रन्थलाई पनि अति महत्वपूर्ण मान्दछन् । राजा मिलिन्द पछिका प्रायः इण्डोग्रीक राजाहरूले बुद्ध-धर्म नै अंगिकार गरे ।

उत्तरी भारतमा चाहिं त्यतिबेला बुद्ध-धर्मको लागि नराम्रा दिन आउन लागेको थियो । सम्राट अशोकको छैठौं पुस्ताको राजा **वृहद्रथ**को पालोमा ग्रीकहरू पाटलिपुत्रसम्म पुगे, तर कलिंगको सहायताले वृहद्रथले ग्रीकहरूको आक्रमण सफल हुन दिएन । वृहद्रथ अपेक्षाकृत कमजोर हुनाले कलिंगले पाटलिपुत्रलाई पनि लुटे । केही समय पछि सैनिक प्रदर्शनको दिन, ई.पू. १८४ मा, प्रदर्शन हेरिराख्ने राजालाई सेनापति **पुष्यमित्र**ले सबैको सामु तलवारले काटी मारिदिए । यसरी सेनाले सिंहाशन आफ्नो कब्जामा लिए । शुंक गंगको शुरुवात भयो ।

शुंग राजाहरू कट्टर ब्राह्मणवादी थिए । बुद्ध-धर्मप्रति सायद सबै शुंग राजाहरू सहिष्णु नभए तापनि प्रथम शुंग राजा पुष्यमित्र चाहिं बौद्ध विरोधी नै देखिन्छ । भनिन्छ कि उनले भिक्षुहरूको मारकाट गरेका थिए । एक सूत्रका अनुसार भिक्षुको टाउको ल्याउन सक्नेलाई शय दिनार पुरस्कार दिने घोषणा पनि उनले गरेका थिए । ब्राह्मण धर्मका कट्टर हिमायती पुष्यमित्रले अश्वमेघ यज्ञ पनि गरेका थिए । पुष्यमित्रले नै सायद मिलिन्दलाई मारेका थिए । पुष्यमित्र स्वयंले सायद पाँचवर्षमात्रै शासन गर्न पाए ।

शुंगकालमा ब्राह्मण धर्मको ठूलो विकास भयो । ब्राह्मण विद्वान् **पातंजलि** यही कालमा जन्मेका थिए । प्रसिद्ध हिन्दू ग्रन्थ **मनुस्मृति**को रचना यही कालमा भयो । मनुस्मृतिमा नैतिक पक्षका कतिपय कुराहरू बुद्धको उपदेशबाट लिइएको देखिन्छ । तर बुद्ध-धर्म ती जन-मानसमा भित्र सम्म पसिसकेको थियो । त्यसैले शुंगकालमा पनि जनताले बुद्ध-धर्मको विकासमा आफूले सक्दो सहयोग गरे । फलतः **साँची** र **भरहूत** जस्ता प्रसिद्ध स्तूपहरूको निर्माण यही कालमा भयो ।

शुंगकाल पछि मगधमा **कण्डवंश**को शासन शुरू भयो । भारतीय इतिहासमा कण्हवंशकाल अस्पष्ट र अंधकार पूर्ण छ ।

बुद्ध-धर्मको इतिहासको एक रोचक पक्ष यो छ कि प्रायः बौद्ध सम्प्रदायहरू बुद्ध-धर्म पहिलो ५०० वर्ष मात्रै देदिप्यमान हुने, पछि बिस्तारै लोप हुदै जाने कुरामा विश्वास गर्दछन् । त्यसैले हामी देख्छौं कि बुद्धको पालामा थुप्रै मानिसहरू सजिलैसित अर्हत् हुन्थे, वा जीवनको लक्ष्य प्राप्त गर्थे । पछि आएर अर्हतहरूको संख्या झन् झन् कम हुँदै गयो । भिक्षुहरूको सो धारणालाई सायद शुंग कालमा बुद्धधर्मप्रति रहेको असहिष्णुताले पनि बल मिल्यो । समय झन् झन् निर्वाण प्राप्त गर्न प्रतिकूल हुँदै गएको महसुस गरियो । फलतः भविष्यमा **मैत्रेय** नामको बुद्धको प्रादुर्भाव हुने र समय पुनः अनुकूल हुने कल्पना बन्यो र यस जन्ममा पुण्य संचय गरेमा, सद्मार्गमा चलेमा, उनीहरू मैत्रेय बुद्धको पालोमा पुनः मनुष्य भई जन्म लिनेछन् र मैत्रेय बुद्धको उपदेशबाट पुनः अनुकुल भएको समयमा उनीहरूले पनि निर्वाण लाभ गर्ने छन् भन्ने विश्वास बन्यो । मैत्रेय बुद्ध हाल **तुषिता भूवन** (सन्तुष्ट देवताहरू बस्ने ठाउँ) मा बसिरहेको र भविष्यमा पृथ्वीमा बुद्ध भई जन्मनु हुने विश्वास गरियो । गृहस्थहरूलाई मात्र होइन, भिक्षुहरूलाई पनि भविष्यप्रति आशान्वीत गराएको यो अनौठो उदाहरण हो ।

बुद्धले चिन्तन गर्न अयोग्य ठानेका १० दार्शनिक विषयहरू-दश अव्यकृतहरू-यहाँ सान्दर्भिक हुन आउँछ । ती मध्ये अन्तिम चार-निर्वाण पछि **तथागत** हुन्छ, वा हुँदैन, वा दुवै हो, वा दुबै होइन- को विषय यहाँ पुनः उठाउन चाहन्छु । बुद्ध स्वयंले आफूलाई सम्बोधन गर्नु पर्दा तथागत भन्नु हुन्थ्यो र यसको अर्थ 'पहिले पनि भएको र पछि पनि हुने' लगाइएको छ । माथिका प्रश्नहरूलाई बुद्धले चिन्तन गर्न अयोग्य भन्नु भएबाट ज्ञात हुन्छ कि बुद्धले अन्य बुद्धहरूको प्रादुर्भावको बारे सायद मौन रहनु भएको थियो । तर कालान्तरमा एकभन्दा बढी बुद्ध भएको कल्पना गरियो । शुरुमा त्यस्ता ७ बुद्धहरूको कल्पना गरिएको कुरा माथि गइसकेको छ । तब आएर त्यस्ता २५ मानुषी बुद्धहरू भएको कल्पना गरियो । ती हुन्- दिपंकर, कोण्डन्य, मंगल, सुमन, रेवत, शोभित, अनोमदर्शी, पद्म, नारद, पद्मोत्तर, सुमेध, सुजात, प्रियदर्शी, अर्थदर्शी, सिद्धार्थ, तिष्य, पुष्य, विपश्वी, शिखी, विश्वभू, ककुछन्द, कनकमुनि, काश्यप र गौतम बुद्ध ।

शुरुमा बुद्धका सरल र साधारण उपदेशहरूले, क्लेश-मुक्त हुने दर्शनले जन साधारणलाई गहिरोसँग



Downloaded from http://www.dhamma.digital

प्रभावित गर्न सकेको थिएन । साधारण मानिसहरू स्वभावत: ज्ञान दर्शनतिर त्यति चासो राख्दैनन् । उनीहरूलाई रमझम, देखावटिपना, रहस्य, रोमांच र काल्पनिक विषयहरूले बढी प्रभाव पार्छन् । बुद्धको पालामा जुन ज्ञानको खोजि गर्ने प्रवृत्ति देखा परेको थियो, सो हराउँदै गयो । बुद्धको समयपछि मानव समाज भक्ति मार्गतिर ढल्क्यो । बुद्ध-धर्मको चुनौति आइपरेकोले ब्राह्मण धर्मले भक्तिप्रति बढी ध्यान दिए । फलत: भक्ति मार्ग बलियो हुँदै आयो ।

यही नै बेला ब्राह्मण धर्ममा गीता, रामायण, महाभारत जस्ता प्रशंसनीय ग्रन्थहरूको रचना भयो । गीता महाभारतभित्रका एक ग्रन्थ भएता पनि सायद शुरूमा यसको रचना पृथक भएको थियो र कालान्तरमा यसलाई महाभारतमा गाभिएको थियो । रामायण र महाभारत जस्ता महाग्रन्थहरू बुद्धभन्दा पहिलेका होओइनन् भन्दा आश्चर्य लाग्ला । हिन्दू धर्मको दश अवतारको धारणाले गर्दा बुद्ध राम र कृष्ण भन्दा पछिका हुन् भन्ने भ्रम कायम रहेको हो । वस्तुत: दश अवतारको धारणा धेरै पछि बनेको थियो जसको समुचित स्थानमा छलफल गरिने छ । त्यस्तै मुस्लीम आक्रमणले सबै बौद्ध आचार्यहरूलाई सखाप पारिसकेपछि कसरी बौद्धहरूलाई हिन्दूहरूले प्रभाव पार्दै लगे, सो को छलफल पनि पछि गरिने छ । अहिलेलाई यति नै थाहा पाऔं कि आधुनिक हिन्दू-धर्मका इतिहासकारहरूले पनि रामायण र महाभारतको रचना बुद्ध-पूर्व मान्दैनन् । रामको जन्मभूमि अयोध्या बुद्ध-कालमा 'साकेत' थियो । बौद्ध ग्रन्थ लंकावतार सूत्र अनुसार रावण बौद्ध थिए, जसले प्रष्ट पार्छ कि उनी बुद्धभन्दा पुराना थिएनन् । बौद्ध ग्रन्थहरूकै अनुसार राम, व्यास, पाण्डव आदिहरूको प्रादुर्भाव बुद्धको शय वर्ष पछि भएको थियो । बुद्धको पालोमा राम भएको प्रमाण भेटिदैन । रामायणमा बुद्धको उल्लेख भएको छ । गीतामा बुद्धको आहार सम्बन्धी सिद्धान्त प्रतिपादित छ । जहाँसम्म अवतारवादको कुरा छ, रामायण र महाभारतले बुद्धलाई अवतार मान्दैन । महाभारतमा एक ठाउँमा छ अवतारहरू (वराह, नरसिंह, वामन, भार्गव राम वा परशुराम, राम, कृष्ण) र अर्को ठाउँमा १० अवतारहरू (हंस, कूर्म, मत्स्य, वराह, नरसिंह, वामन, भार्गव राम, राम, सात्वत वा कृष्ण, कल्कि) को उल्लेख छन्, तर बुद्धको उल्लेख छैन । गीतामा कृष्ण र राम बाहेक अन्य अवतारहरूको उल्लेख भएको पाईदैन ।

जे होस्, भक्तिवादको जोड बुद्ध पछि शुरु भयो । **विष्णु** लोकप्रिय हिन्दू देउता हुन आए । राम र कृष्ण महान् देउता भए । जन साधारणमा भक्तिको बढ्दो प्रभावको कारण बौद्ध सम्प्रदायहरूलाई यसले असर पाऱ्यो । अशोकको समयसम्ममा बनिसकेका १८ सम्प्रदायहरू मध्ये एक - **लोकोत्तरवादी** (बाहुलिक)-को उल्लेख यहाँ सान्दर्भिक छ । बुद्धलाई अलौकिक र लोकोत्तर मान्नाले नै यिनीहरूलाई लोकोत्तरवादी भनिएका हुन् । यिनीहरू बुद्धलाई पृथ्वीमा जन्मेका एक मानिसको रूपमा हेर्दैनन्, उनलाई दैवीय मान्छन् । यिनीहरूको मत अनुसार बुद्धलाई विश्राम वा निन्द्रा चाहिँदैन । बुद्ध चाहे जति बाँच्न सक्छन् । बुद्धले एक शव्द पनि भन्नु भएको थिएन, जति उपदेश छन् ती भिक्षु **आनन्द**ले दिएका हुन् । भक्तिमार्गसँग आनन्दको सम्बन्ध रहेको देखिन्छ । मूल थेरवाद अनुसार आनन्द धेरै विद्वान वा प्रज्ञावान् थिएनन् र त्यसले धेरैपछि मात्रै उनले अर्हत्पद प्राप्त गर्नसकेका थिए । उनले २५ वर्षसम्म बुद्धको सेवा वा "भक्ति" गरेका थिए । यसरी लोकोत्तर वादको रूपमा बुद्ध-धर्ममा पनि भक्तिको प्रवेश भयो । हुन त मूल त्रिपिटकमा पनि बुद्धलाई लोकोत्तर भनिएको छ तर त्यसको अर्थ अलौकिक वा दैवीय नभई हिलोबाट निर्लिप्त हुने गरी पोखरी माथि फुलेको कमल झैं सांसारिक वन्धनबाट मुक्त भएर पनि संसारमै रहनु भएका बुद्धलाई जनाउँछ ।

अशोक पश्चात् बुद्ध-धर्ममा भक्तिवाद झन् सशक्त रूपमा प्रवेश भयो । महासांघिकको एक सम्प्रदाय - **चैत्यवादी** - मध्य प्रदेशको तत्कालिन राजधानी **धान्यकटक** (वर्तमान धरणीकोट, गुन्टूर जिल्ला, मध्य प्रदेश) मा बस्दथे, र त्यहाँ स्थित महाचैत्यको कारणले यिनीहरू चैत्यवादी कहलाइएको थियो । चैत्यको पूजाले नै पुण्य कमाउन सकिन्छ भनी यिनीहरू विश्वास राख्दथे । भक्तिमा आस्था राख्ने सो सम्प्रदायमा अशोककाल पछि भक्तिवाद झन् बढ्यो र फलत: **अन्धक** (आन्ध्र देशमा बस्ने) नामको भक्ति सम्प्रदाय बन्यो । यिनीहरू बुद्धको मलमूत्र पनि सुगन्धित मान्दथे ।

ई.पू. १०० तिर अन्धक सम्प्रदायबाट ५ अन्य सम्प्रदायहरू बने-वैपुल्य, पूर्वशैलीय (धानयकटकको पूर्वमा बस्ने), अपरशैलीय (पश्चिममा बस्ने), राजगिरिक,

र सिद्धार्थक । यी नै सम्प्रदायहरू विकसित भई **महायान**को विकास भयो। **वैपुल्य**हरूले बुद्ध यस संसारमा आउनु नै भएको थिएन न त कुनै उपदेश दिनु भएको थियो; उहाँ त सदैव तुषिता भूवनमा बसिराख्नु हुन्छ भनी विश्वास गरे । विशेष परिस्थितिमा मैथुन कर्मलाई पनि यिनीहरू उचित ठान्थे । **पूर्वशैलीय**हरू अर्हतको वीर्य पतन हुन सक्दछ, अज्ञानता बाँकि रहन सक्दछ, अर्हत्को पतन हुन सक्दछ, व्यक्तिको भाग्य पहिले नै निश्चित भइसकेको हुन्छ, निर्वाणको चिन्तन पनि मानसिक बन्धन हो भनी मान्दथे । **अपरशैलीय**हरू पनि त्यस्तै विश्वास गर्दथे । **राजगिरिक** र **सिद्धार्थक**हरू कट्टर कर्मवादी थिए, र विश्वास गर्दथे कि अर्हत्हरूको कहिल्यै अकाल मृत्यु हुँदैन । यिनीहरूको अनुसार यहाँ दिइएको दान मृत व्यक्तिहरूले उपभोग गर्न सक्छन् । श्रद्धा सम्बन्धी यो अन्तिम सिद्धान्त महत्वपूर्ण छ । सायद यसको प्रभावको कारण थेरवादीहरूले 'पेतवत्थु' नामको त्रिपिटकको एक ग्रन्थको रचना गर्नु परेको थियो ।

माथि उल्लेखित बौद्ध सम्प्रदायहरूबाट नै महायानको विकास भयो। तर महायानले वास्तविक रूप धारण लिन अझ केही समय लाग्यो । वास्तवमा केही महत्वपूर्ण ग्रन्थहरू र गहन दर्शनको समावेश भएपछि मात्रै महायानको उत्पत्ति भएको हो । जसको छलफल हामी तल गर्नेछौं ।

बुद्ध-धर्मको इतिहासमा माथि उल्लेखित बौद्ध सम्प्रदायहरू बाहेक अन्य केहीको पनि उल्लेख आवश्यक छ । **उत्तरापथक**हरू गृहस्थ पनि अर्हत हुन सक्छन् भन्थे । **हेतुवादी**हरू साधारण मानिसले निर्वाण प्राप्त गर्न सक्दैन भन्थे । यसरी बुद्ध निर्वाण पछि थुप्रै सम्प्रदायहरू बनेता पनि अकस्मात् ईसाको शुरूमा नयाँ सम्प्रदाय बन्नु बन्द भयो। बरू भएका सम्प्रदायहरू एक अर्कामा विलिन हुँदै गए । सशक्त सम्प्रदायहरू मुस्लिम आक्रमणको कारण लुप्त भए । वर्तमानमा हीनयान तर्फबाट थेरवाद मात्रै बाँकि छ। महायानबाट चाहिं ठाउँ अनुसार विभिन्न सम्प्रदायहरू (लामा, जेत, आदि) बन्दै गए । बज्रयान चाहिं नेपालमा अद्यापि विद्यमान छ ।

बुद्ध-धर्ममा हावी हुँदै गएको भक्तिवादको प्रभाव स्वरूप **महावस्तु** नामक ग्रन्थको रचना भयो । लोकोत्तरवादी (महायानी) हरूको यस ग्रन्थमा बुद्धको जीवनी मिश्रित संस्कृतमा अति अव्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ । बुद्धको जीवनीलाई सकेसम्म अलौकिक ढङ्गले प्रदर्शन गरिएको छ । बुद्धले आमाको कोखबाट जन्म नलिएको, कहिल्यै मैथुन धर्म नगरेको भनी यसले भन्छन् । बुद्धको आराधनाले पुण्य प्राप्त हुने कुरा पनि छ । यस ग्रन्थको रचना ई.पू.१५० तिर भयो, तर शयौं वर्षसम्म यसमा नयाँ कुराहरू थपिंदै गयो ।

त्यतिबेला मुद्रण कलाको अविष्कार भएको थिएन । प्रायः ग्रन्थहरूको मूल प्रतिको नै प्रतिलिपि बनाउनु पर्ने हुन्थ्यो । धेरै प्रतिलिपि एकै पल्ट बनाउनु पनि असम्भव थियो। धेरैले त प्रसिद्ध ग्रन्थहरूको तारिफ मात्र सुनेका हुन्थे । जसले पढेका हुन्, ती मध्ये धेरै थोरैले मात्रै यसको प्रतिलिपि बनाउँथे । यसरी प्रतिलिपि बनाउनेहरूले पनि तत्कालीन प्रचलित धारणा र आफ्नो विचारधारा अनुसार सो ग्रन्थमा हेरफेर गर्दथे र नयाँ अध्यायहरू थप्दथे। यसैले प्रायः प्राचीन महान् ग्रन्थहरू एकै खेपमा रचना गरिएको हुँदैनथे, तिनीहरूको अन्तिम रूप शयौं वर्ष पछि मात्रै पूर्ण हुन्थ्यो । महावस्तुको मूल रूप ई.पू.१५० तिर बनेता पनि यसमा सन् ४०० तिर सम्म पनि कुराहरू थपिंदै थियो। पछि उल्लेख गरिने ती ग्रन्थहरूको सन्दर्भमा पनि, जुन प्रसिद्ध छन् तर रचनाकार स्पष्ट छैनन्, यही कुरा लागु हुन्छ।

महायानको उत्पत्ति हुन लागेको सो संक्रमण कालमा बुद्धका दुई काय (शरीर) हरूको महत्व पनि बढ्यो । जुन गौतम बुद्धको हामी कुरा गर्छौं, जसले लुम्बिनीमा जन्म लिए, बुद्ध गयामा ज्ञान लाभ गरे; जो शुद्धोदनको पुत्र हो, उक्त मानवलाई बुद्धको **निर्माण काय** भनियो। बुद्ध एक पद थियो– त्यो व्यक्तिको लागि जसले बोधिज्ञान प्राप्त गरेको छ । त्यो व्यक्ति बुद्धको निर्माण काय हो । बुद्धको धर्म चाहिं बुद्धको धर्म काय हो । सबै बुद्धहरूको निर्माण काया अलग अलग हुन्छन्, तर उनीहरूले प्रतिपादन गर्ने धर्म एउटै हुन्छ र फलतः धर्म काय एउटै हुन्छ । यदि बोधिज्ञानले प्रकृतिको सत्य रूपको ज्ञान जनाउँछ भने उक्त प्रकृतिको सत्य रूप नै बुद्धको धर्म काय हो। बुद्धको धर्म कायले बुद्धले बुझेको प्राकृतिक सत्यतालाई जनाउँछ । धर्म-कायको झलक हामी थेरवादमा पनि पाउँछौं । बुद्धको रूपदेखि मोहित हुने भिक्षु वक्कलिलाई बुद्धले भन्नु भएको थियो– "जसले धर्मलाई देख्दछ उसले मलाई देख्दछ" । भिक्षुहरूलाई बुद्धले धर्मको 'पुत्र' भन्नु हुन्थ्यो ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# कर्म र कर्मफल–४

*- भिक्षु अश्वघोषद्वारा लिखित, भिक्षु संघरक्षितबाट अनुदित*

अनाथपिण्डिक महाजन आई उनलाई हेर्न आए। पेट खाली भएर यसो भएको हो, रोग पर्दा खाएपनि हुन्छ भनी सम्झाउँदा पनि उसले केही पनि खाएन। "आज आधादिनको मात्र अष्टशील दिएको, त्यो पनि बिग्रिन्छ, म खान्न" भनी जिद्दी गरिराख्यो। चतुमधु, घ्यू, सख्खर, मह, अदुवा खाए पनि हुन्छ, शील बिग्रिँदैन भनी संझाउँदा पनि उसले खान मानेन। अन्ततः खाली पेटको तीव्र वेदनाले उनको मृत्यु भयो। मृत्युको तत्कालै उनी प्रभावशाली बृक्षदेवता हुनपुग्यो, भनी बौद्ध साहित्यमा उल्लेख छ। यद्यपि उसको क्लेश नाश भएको थिएन मन शुद्ध भएको थिएन। त्यसैले दुःखमुक्त भई निर्वाण नै भने प्राप्त भएन तापनि आधा शीलपालनले अर्को जन्ममा राम्रो फलभोग गर्नपायो।

**स्वर्ग मन नपराउने भिक्षु**

एकजना नवयुवक गौतम बुद्धको धर्मोपदेश सुनेर विचारमग्न भयो र सोच्यो दुःखबाट मुक्त हुन त भिक्षु नै बन्नुपर्ला। अनिमात्र जीवनमा कुनै झन्झट हुनेछैन। सजिलै धर्मको अभ्यास पनि गर्न पाउनेछु।"

भिक्षु बन्ने मनसायले ऊ गौतम बुद्धकहाँ पुगेर वन्दना गरी एक छेउमा बस्यो। अनि उसले बिन्ति गऱ्यो– "भो भगवन्! म भिक्षु हुन आएको छु। भिक्षु भयो भने चाँडै दुःखमुक्त हुनेछु होला नि!"

गौतम बुद्धले विचार गर्नुभयो- "यो मान्छे भनेको कुरा मान्ने व्यक्ति होइन। दुःखमुक्त हुनको लागि जति उचित् ज्ञान चाहिने हो, त्यो ज्ञान उसँग छैन तरपनि, यसलाई भिक्षु बनाइदिन्छु। अनि त्यसलाई यी कुराको अनुभव पनि हुनेछ।"

तथागत गौतम बुद्धले त्यो व्यक्तिलाई भिक्षु बनाइदिनुभयो। भिक्षु बनिसकेपछि उसले बुद्धसंग प्रार्थना गऱ्यो– "भो भगवन्, अब मलाई गर्नुपर्ने चर्याविधि बताउनुहोस्।"

गौतम बुद्धले भन्नुभयो-"अल्छी नभई अप्रमादपूर्वक आफूले आफैलाई चिन्न सकिने, मनलाई शुद्ध पार्ने विपश्यना-भावना गर्न जाऊ।"

यति कुरा सुनेर त्यो भिक्षु सरासर जंगलमा गई एउटा छाप्रो बनाई बस्नथाल्यो। "गौतम बुद्धले मलाई अल्छी नहुने उपदेश दिनुभएको छ। सुत्ने पनि एककिसिमले अल्छी हुनु नै हो।" यसरी सोचेर उसले खुब मेहनत गरेर सुत्दा पनि नसुती ध्यानको अभ्यास गर्नथाल्यो। धेरै मात्रामा उसले उद्योग तथा मेहनत गऱ्यो। शरीरलाई जसरी आहारको आवश्यकता हुन्छ, त्यसरी नै निंद्राको पनि आवश्यकता हुन्छ भनी उसले बिचार पुऱ्याउन सकेन। उसलाई निंद्रामात्र लाग्थ्यो। रातभर निंद्रा छल्नका लागि उसले सुकुल बोकेर पनि ध्यान गर्नमा प्रयत्न गर्नथाल्यो। निद्रा नपुगेकाले उसलाई भोक पनि लाग्न छोड्यो। उसको आँखा पनि दुख्यो। कमजोर पनि हुनथाल्यो। असक्तताले गर्दा चाँडै नै उसको प्राण गयो।

उसँग उसको क्लेश बाकी नै रह्यो। उसको दृष्टि सीधा भएन। दुःखमुक्त भई निर्वाण प्राप्त गर्न नसकेर ऊ देवलोकमा जन्म लिनपुग्यो। उसलाई थाहाछैन आफू मरेर देवलोकमा पुगिसक्यो भन्ने कुरा। दिव्य विमानमा पुगेर पनि उसले आफूलाई भिक्षु नै सम्झेर मौन बसिरह्यो। त्यहाँ अप्सराहरू आएर "बल्ल देवपुत्र आउनुभयो, अब रमाइलो भयो" भनी नाचेर उसलाई मोहित पार्न प्रयास गरे। ऊ भने लाज मानेर झनै अप्सराहरूलाई छोइएला भनी पछाडि-पछाडि हट्न थाल्यो। "अचम्भित" अप्सराहरू भुनभुनाउन थाले– "कस्तो गोज्याङग्रो देवपुत्र एकजना आएको रहेछ। यसलाई त यो मज्जा गर्ने ठाउँ भनेर पनि थाहा छैन। यो त भिक्षुजस्तै पो बसिराखेको छ। होश पनि छैन जस्तो छ। यसलाई ठूलो ऐना एउटा अगाडि राखिदिनु पऱ्यो। अनिमात्र यसले बुझ्ला, अब आफू भिक्षु रहेन देवलोकमा पुगिसक्यो।"

तिनीहरूले एउटा ठूलो ऐना उसको अगाडि राखिदिँदा ऐनामा आफ्नो रूप देखेर ऊ झसङ्ग भयो। "म कहाँ पुगेछु! म भिक्षु भएर ध्यानभावना अभ्यास गरेको देवलोकको लागि प्रार्थना वा इच्छाले कदापि होइन। यो त प्रेतलोक पो। यो त पिशाचहरूमात्र भएको ठाउँ रहेछ" भनी उसले त्यहाँबाट मनुष्यलोकमा भाग्न प्रयत्न

गऱ्यो। अप्सराहरूले रोक्दा पनि ऊ रोकेन। उनले त्यहाँ बाट आएर भगवान् बुद्ध विराजमान भएको जेतवन विहारमा पुगेर बिन्ति गऱ्यो–

**अच्छरा घन सुघुट्ठं पिसाच गणसेवितं।**
**वनं तं मेहनं नाम कथं यात्रा भविस्सति॥**

अर्थात्- भो भगवन्! अप्सरारूपी पिशाचहरूबाट भरिएको मोहजाल बुनिएको जंगलबाट म कसरी पार हुनसक्छु?

गौतम बुद्धले भन्नुभयो– "तिमी सोझो आर्यअष्टांगिक मार्गमा नगई बांगो बाटोमा लाग्यौ। तिमीमा सम्यकज्ञानको अभाव थियो। अतिमार्गमा परेर तिमीले धेरै नै मेहनत गऱ्यौ। सुत्दा पनि नसुती शरीर लाई कष्ट पुऱ्यायौ। त्यसैले तिमी दु:खबाट मुक्त हुन सकेनौ। सीधा मार्गमा लाग्नुपर्छ। जुनसुकै पनि मात्रा ठिक्कको हुनुपर्छ- मध्यम-प्रतिपदा अपनाउनु पर्छ। सीमाना नाघेर अतिमार्गमा लाग्नुहुन्न।"

त्यो भिक्षु दिवंगत भएर देवलोकमा पुग्यो तर उसलाई देवलोक मन परेन। मानिसले दु:खमुक्त निर्वाण-सुख भोग गर्न मनुष्य-लोकमा नै आउनुपर्छ, मानिस नै हुनुपर्छ भनेको हो। यो उपपज्ज वेदनीय कर्मफलको उदाहरण स्वरूपको कथा हो।

## तोदेय्य ब्राह्मण कुकुर भयो

राम्रो भए पनि नराम्रो भए पनि कर्मअनुसारको फल भोग गर्नुपर्ने यहाँको स्वभाव धर्म हो। नराम्रो कामको फल नराम्रो नै हुन्छ। राम्रो कामको फल राम्रो नै हुन्छ। यस्तो हुनै पर्ने एउटा स्वभाव नै हो।

गौतम बुद्धको समयमा एकजना ब्राह्मण थियो। ऊ धेरै धनसम्पत्तिको मालिक भयो र उनी बलसम्पन्न एवं पुरूषार्थ सम्पन्न पनि थियो। उसको नाम तोदेय्य थियो। त्यो ब्राह्मण अति लोभीमात्र होइन, कञ्जुस पनि थियो। ऊ कञ्जुसी पनि यत्तिसम्म थियो कि एउटा भटमासको गेडामा पनि नौ ठाउँमा टोकेर मात्र खान्थ्यो। उसंग ८७ करोडको रकम तथा सुन, चाँदी, हीरा, मोती पनि त्यत्तिकै थियो तर पनि उसले मिठो लाग्ने कुरा कहिल्यै खाएन। आफ्नो परिवारलाई पनि ख्वाएन। त्यत्तिमात्र नभई उसले एउटा लुगासम्म पनि गतिलो लगाएन। ऊ खस्रो सस्तो लुगा लगाउँथ्यो। खस्रो बाक्लो लुगा धेरै खप्ने हुनाले पनि त्यस्तै लुगा लगाउने गर्थ्यो।

गौतम बुद्ध उसको आँगनमा भिक्षा माग्न जानु हुँदा पनि भिक्षा नदिई उल्टो काम गरी खान नसकेर, ठग भएर माग्दै खाएर हिँडने भनी गाली गरेर पठाउँथ्यो। त्यो ब्राह्मण कपटी र कन्जुसी स्वभाव अहो। कति मात्र तृष्णामा भुल्न सकेको!

एकदिन त्यो ब्राह्मण अपर्झट मऱ्यो। मर्ने बेला आफूले थुपारिराखेको सुनका गहनाहरू, सुनको थाल, सिक्रीहरू तथा धनमात्र सम्झेको कारणले त्यो तोदेय्य ब्राह्मणको त्यही घरमा बस्ने कुकुरको छाउरा भएर जन्म भयो। त्यो छाउरा हिस्सी परेको थियो।

तोदेय्यको छोरा शुभ माणवले त्यो सानो कुकुर लाई धेरै माया गरेर रेखदेखपूर्वक पालिराख्यो। राम्रो ओछ्यानमा सुताएर मिठो ख्वाइराख्यो। पहिला मनुष्य अवस्थाको ब्राह्मण बेला पनि उसले त्यति मिठो खान पाएको थिएन।

एकदिन गौतम बुद्धले करूणाचित्तद्वारा विचार गरी ज्ञात गर्नुभयो- "त्यो शुभ माणव मिथ्यादृष्टिको भएपनि त्यसको मन परिवर्तन हुनेछ। ऊ कर्मफलमा विश्वास नगर्ने त पक्कै हो। अब उसको घरमा जन्मेको उसले माया गरिराखेको कुकुर उसकै बाबु हो भन्ने कुरा बुझाइदिन्छु। उसको बाबुको सम्पत्ति लिन पाउँदा खेरि उसले त्यो कुकुर आफ्नो बाबु नै हो भन्ने विश्वास गर्नेछ। अनि उसको मन परिवर्तन हुनेछ भन्ने जानेर तथागत बुद्ध त्यो शुभमानवको घरमा जानुभयो।

त्यसबेला शुभ माणव उसको घरमा थिएन। भगवान बुद्ध आउनुभएको देखेर त्यो कुकुरले बेसरी भुकि रह्यो। अनि गौतम बुद्धले त्यो कुकुरले सुन्ने गरी भन्नुभयो– "ए तोदेय्य! तिमीले पहिले ब्राह्मण भई जन्मेको समयमा पनि मलाई गाली गर्यौं, निन्दा गऱ्यौ। अव कुकुर जुनीमा रहँदा पनि मलाई भुकेर गाली गर्ऱ्यो। द्वेषभाव राखेर मलाई किन भुक्छौ?"

त्यति कुरा सुन्नासाथ त्यो कुकुर पुच्छर लुकाएर मुन्टो निहुराई चुलोको खरानीमा गुटमुटिएर सुत्न गयो। ओछ्यानमा राम्ररी सुतिराखेको कुकुर फोहोर खरानीमा सुत्न गएको देखेर घरका सबैजना अचम्भित भए।



Downloaded from http://www.dhamma.digital

शुभमाणव घरमा पुगेर कुकुरलाई नदेख्दा उनले सोध्यो- "खै, कुकुर कहाँ गयो ?"

घरका मानिसहरूले भने- "चुलोको खरानीमा सुतिराखेको छ ।"

उसले सोध्यो -"किन, के भयो र ?"

घरका परिवारले भने -"श्रमण गौतम बुद्ध यहाँ आउनु भएको थियो । त्यसबेला यो कुकुरले ज्यादै भुकिराख्यो । अनि वहाँले 'ए कुकुर ! तिमी तोदेय्य ब्राह्मणको रूपमा छँदा पनि ... । अब कुकुर भएर पनि मलाई गाली गरिराख्छौ आदि भन्नासाथ त्यो कुकुर लुरुलुरु गई खरानीमा सुत्नगयो ।"

यति कुरा सुनेर शुभमाणव रिसले आगो भयो । श्रमण गौतम बुद्धले कत्रो अपमान गरेको । मेरो बाबु कुकुर हुनै सक्तैन । होला, मेरो बुबाले उहाँलाई गाली गऱ्यो । मेरो बुबा कञ्जुसी र लोभी पनि हो तर त्यति धेरै धन हुने प्रभावशाली मेरो बुबा कुकुरभई जन्मन सक्छ र ? बुद्ध जस्तो महान् भएर पनि त्यस्तो असत्य अनुचित कुरा भन्नुहुन्छ ? पुरानो कुराको बदला लिने नियतले मेरो बुबा कुकुर भयो भनेको त धेरै नै अन्यायपूर्ण कुरा भयो । म बुद्ध कहाँ सोध्न जानेछु– "मेरो बुबा कुकुर भई जन्मेकोमा केही प्रमाण छ ?"

ऊ सरासर गई बुद्धकहाँ पुग्यो । मन नलागी नलागी पनि नमस्कार गरेर बुद्धसंग सोध्यो– "म घरमा नहुँदा तपाई आउनुभयो भन्ने सुनें । कुकुरले भुक्यो भनी त्यो कुकरलाई मेरो बुबा तोदेय्य नै हो भनेर कुन आधारमा भन्नुभएको ? यति ठूलो मेरो अपमान गर्न तपाईलाई सुहाउँछ र ?"

शास्ता बुद्धले भन्नुभयो- "हे उपासक ! मैले कुनै असत्य कुरा बोलेर कसैको अपमान गरेको छैन । त्यो कुकुर तोदेय्य ब्राह्मण नै थियो के तपाईलाई विश्वास भएन र ? के तपाईलाई प्रमाण चाहियो र ? तपाईंको बुबाको के के सम्पत्ति छ भन्ने कुरा तपाईलाई थाहा छ ? तपाईलाई आफ्ना सबै सम्पत्ति यहाँ यहाँ छ भनी बताएर गएको थियो ? तपाईलाई तपाईको बुबाको धनसम्पत्ति मनपर्छ कि मनपर्दैन ?"

शुभमाणवले बाबुको संपत्ति आफूलाई मन परेको कुरा भन्यो । तत्पश्चात गौतम बुद्धले भन्नुभयो– "त्यसोभए मैले भनेजस्तै एउटा काम गर्नुस् । तपाई घरमा गएर कुकुरलाई राम्ररी नुहाई, मिठो ख्वाई, राम्रो ओछ्यानमा सुताई त्यसको टाउकोमा सुम्सुम्याएर माया गरी सुताउनुहोस् । जब कुकुर अर्धनिद्रामा पुग्छ, तब कानको छेऊमा पुगेर भन्नुस् - बुबा, सुनको थाल, हीरा, ठूलो सुनको सिक्री कहाँ गाडिराख्नु भएको छ ? अनि हेर्नुस्, के हुन्छ ?"

बुद्धको कुरालाई स्वीकार गरेर उसले बुद्धले भने जस्तै गऱ्यो । त्यो कुरा सुनेर कुकुरले रिसालु आँखाले उसलाई हेरिराख्यो । कहिल्यै त्यसरी ताकेर नहेर्ने कुकुरले किन आज यसरी हेरेको होला भनेजस्तो विचार उसमा आयो । कुकुर जुरूक्क उठेर गयो । शुभमाणव पनि कुकुरको पछि पछि लाग्यो । कुकुरले एकठाउँमा पुगेर खन्न थाल्यो । त्यहाँ खाल्डो खनेर हेर्दा सुनको थाल फेला पऱ्यो । कुकुरले फेरि अर्को ठाउँमा पुगेर खनेर देखायो । त्यहाँ पनि सुनको गहना, धनको गाग्री आदि फेला पऱ्यो ।

शुभमाणव अति खुशी भयो । बुद्धकहाँ पुगेर सबै कुरा बतायो । बुद्धले सोध्नुभयो- अब त तपाईलाई विश्वास लाग्यो कि ? त्यसैले तपाईले पनि आफ्नो बुबासरि कञ्जुसीपन देखाई धनको सदुपयोग नगरी थुपारीमात्र नराख्नुहोस् । भएको धनले असहाय गरीबहरूलाई उपकार हुने, धर्मकर्म गर्नुहोस् । राम्रो र अरूको उपकार हुने काम गर्ने भए मात्र त्यस्ता मानिसलाई अरुले भित्री मनदेखि आदर-सत्कार गर्दछ । अन्यथा तपाईको बुबाझै नराम्रो गतिमा जन्म हुनु जानु पर्ला ।"

शुभमाणव बाबुको सम्पत्ति लिन पाएर धेरै खुशी थियो । उसले बुद्धको शरणमा गएर भन्यो– "भो शास्ता, तपाईले भन्नुभएको कर्मबारे मैले कुरा बुझें । राम्रो काम गर्दा राम्रै फलभोग गर्न पाइने रहेछ र नराम्रो काम गर्दा नराम्रै विपाक भोग्नु पर्ने रहेछ । अबदेखि म मेरो बुबा तोदेय्यज्यू झैं कञ्जुसी हुनेछैन । गरीबहरूको उद्धार हुने काम गर्छु, दानादि पुण्यकर्म पनि गर्छु । मलाई हजुर सहित धर्म र संघको शरणमा आएको उपासक भनी सम्झनुहोस् ।",

शुभ माणवक प्रसन्नभई गौतम बुद्धलाई वन्दना गरी बिदा लिएर आफ्नो घरमा फर्क्यो ।

## अजातशत्रु र देवदत्त

देवदत्त बाल्यकालदेखि नै सिद्धार्थ कुमारसँगै हुर्किएको थियो तर पनि उसको स्वभाव भने झिंगाको झैं थियो । झिंगाले फोहर मात्र मनपराउँछ । सिद्धार्थ कुमार भने माहुरी झैं थिए । माहुरीले फुलिराखेको फूलबाट रसमात्र लिई सँगाल्छ, फूललाई बिगार गर्दैन । देवदत्त भने झिंगाले झैं दुर्गन्ध ठाउँमा बसी अरुको खानेपिउने बस्तु समेत फोहर गरी रोग फैलाउने गर्दछ । सिद्धार्थ सँग बाल्यकालदेखि रहेर उनी बुद्ध भइसक्दा सम्म संगत गरेर पनि उनको गुण नबुझ्ने देवदत्त डाडु-पन्युले तरकारीको स्वाद थाहा नपाउने झैं थियो ।

देवदत्त केही पाँचजना शाक्यहरू सहित गौतम बुद्धकहाँ आई भिक्षु हुन भयो । भिक्षुभएर उनले अरूले भन्दा छिट्टै ऋद्धि पनि प्राप्त गऱ्यो र लौकिक ज्ञानले युक्त भयो । उनमा भित्रै देखि ज्ञान भने थिएन तर पनि ऋद्धि चमत्कार देखाउन सक्थ्यो मानौ चटकीले चटक देखाएझैं । होश पुऱ्याउन नसक्दा उनमा अभिमान बढ्न थाल्यो । उनको आध्यात्मिक उन्नति हुन सकेन । गौतम बुद्धलाई थुप्रै मानिसले धेरै मान्छन् भनी बुद्धप्रति उनको डाह र ईश्या हुन थाल्यो । भगवान् बुद्धलाई मारेर भएपनि स्वयंले बुद्ध पदवी पाउने कुबुद्धि उनमा पलायो । उनले ढुंगाको प्रहारबाट बुद्धलाई मार्न कोशिस गऱ्यो तर बुद्ध घाइते मात्र भइदियो । बुद्धको शरीरबाट रगत बग्यो । देवदत्तले भिक्षु संघबीच भेद गरिदियो । मिलेकाहरूलाई फाटी पञ्चमहापाप गऱ्यो । त्यतिमात्र होइन, निर्दोष राजकुमार अजातशत्रुलाई पनि आफ्नो प्रभावमा पारेर कुबुद्धि सिकायो । उनले अजातशत्रुलाई भन्यो "तिमी जवान भयो । जिन्दगीको केही भर छैन । तिमी चाँडै राजा बन । आफ्नो बुबा राजा बिम्बिसारलाई मारेर छिट्टै सर्वाधिकारसंपन्न राजा बन ।"

अजातशत्रुको बुद्धि कच्चाखालको थियो । जवानीको जोशमा विवेकबुद्धिको ठेगानो नहुनु स्वाभाविक छ । मानिस महत्त्वाकांक्षामा फँस्यो भने आफ्नो भएको बुद्धि पनि बिग्रेर जान्छ । देवदत्तले आफ्नो पिता बिम्बिसार राजालाई जेलमा थुनेर सास्ति दिनथाल्यो । अजातशत्रुको आफ्नो छोरा जन्मिँदा मात्र पितृ हृदय पलाई आफ्ना पिताको गुण सम्झ्यो । जेलमा रहेका उनका बुबाको मृत्यु भइसकेको थियो । समयबितेपछि चित्त दुखाएर पश्चाताप गरेर के गर्ने ? बौद्ध वाङ्मयअनुसार अजातशत्रु स्रोतापन्न हुनसक्ने पुण्यसंस्कार भएको व्यक्तिका रुपमा उल्लेख छ । दुष्ट देवदत्तको संगतगुणले आफ्नो बुबालाई मारेर ऊ राजा बन्यो । यसरी बाबुको हत्यागरी पञ्चमहापाप गरेकोले अजातशत्रु देवदत्त दुबै पश्चातापमा डुबी घोर नर्कमा परे । त्यस्ता पापीहरू नरकमा नगएर को जान्छन् ? यस्ता कुकृत्यबाट जीवित अवस्थामा नै देवदत्त र अजातशत्रुले दुबैले नारकीय जीवन गुजार्नुपरेको थियो । यो कथाबाट मानिसले मरेर अर्को जन्म लिँदा पनि कर्मफल भोग गर्नुपर्ने कुरा देखाउँछ ।

### ३. अपरापरिय वेदनीय कम्म

अपरापरिय वेदनीय कम्म भन्नाले तेस्रो जन्मदेखि पछिको हरेक जन्ममा फलभोग गर्नुपर्ने कर्म हो । यो जब अवसर हुन्छ, तब फलभोग गर्नुपर्ने कर्मफल हो । पंच आनन्तरिय कर्म अर्थात् पञ्चमहापाप कर्म भनेको मरेर गएर अर्को जन्ममा फलभोग गर्नैपर्ने कर्म हो । त्यस पछि मात्र फलभोग गर्नैपर्छ भन्ने हुँदैन । यसले पछि फल दिन्छ भनी कुरेर बस्दैन । अरु प्रकारका पापकर्म र धर्मकर्म जुनसुकै जुनिमा पनि फलभोग गर्नुपर्ने हुन्छ । त्यसैले धम्मपदमा भनिएको छ–

**न अन्तलिक्खे न समुद्दमज्झे**
**न पब्बतानं विवरं पविस्स,**
**न विज्जति सो जगतिप्पदेसो**
**यत्थट्ठितो मुञ्चेय्य पापकम्मा ।**

अर्थ- आकाश, समुद्र, पर्वत र गुफामा मात्र होइन जहाँ बसे पनि आफूले गरेको पापकर्मको विपाकबाट कोही बच्न सक्नेछैन ।

धर्म गरिराख्दा पनि यस्तै फल भोग्ने हो । किन्तु धर्म कार्य गर्दा कुनै कुराको आशा नगरी, परोपकार गर्ने मनसायले धर्म गर्दा तृष्णा क्षय भएर गयो भने त्यसको फलभोग गर्नुपर्दैन ।

अर्को एउटा कुरा छ, पाप गर्नेहरू हवाइजहाजबाट आकाशमार्गमा गई बस्दा पनि, समुद्रको पानीमा गई बस्दा पनि, जमीनमा बसमा चढिरहँदा पनि दुर्घटनामा परी प्राणत्याग गर्नुपर्ने हुनसक्छ । धर्म गरी अरूलाई दुःख नदिने व्यक्तिहरू दुर्घटनामा परेर पनि बाँच्नेछन् । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# भिक्षाटन ! भिक्षाटन !!

– श्रामणेर वण्णित

*विश्व शान्ति बौद्ध शिक्षालय*

विश्व शान्ति बौद्ध शिक्षालयमा अध्ययन अध्यापनमा लागि रहेका भिक्षु श्रामणेरहरूलाई चतुप्रत्यय व्यवस्था गर्न सजिलो होस् भन्ने उद्देश्यले गत ३-४ वर्षदेखि नै विश्व शान्ति पुस्तकालय, न्याखाचोक ललितपुरले नगरका विभिन्न टोलहरूमा भिक्षाटनको कार्यक्रम सञ्चालन गर्दै आएको छ । प्रव्रजितहरूलाई सजिलै चतुप्रत्यय पूरा गर्न र दाताहरूले पनि थोरै समयमा त्याग चेतना जगाएर पुण्य गर्न यो भिक्षाटन कार्यक्रमले धेरै मद्दत गरेको छ । दानको बारेमा बुद्धहरूले भन्नुभएको छ–

१. जसले आफू एक्लैले मात्र दान गर्छ, अरूलाई दान गराउन चाहँदैनन्, त्यसको प्रतिफल स्वरूप तिनीहरूसँग धनसम्पत्ति धेरै हुन्छन् तर उनीहरूलाई आपद विपद पर्दा सहयोग दिने परिवार, नाता, कुटुम्ब तथा साथी-भाईहरू हुँदैनन् ।

२. जसले आफूले दान गर्दैन तर अरूलाई दान दिने कार्यमा प्रोत्साहन दिन्छ, त्यस्ता व्यक्तिको परिवार, साथीभाई, नाता कुटुम्ब धेरै हुन्छन् तर उनीहरूसँग पर्याप्त धन सम्पत्ति हुँदैन ।

३. आफूले पनि श्रद्धापूर्वक दान दिन्छ र अरूहरूलाई पनि दान गर्न प्रेरणा दिनुको साथै सहयोग पनि गर्ने व्यक्तिलाई चाहिने मात्रामा धन सम्पत्ति पर्याप्त हुनाको साथै परिवार सम्पत्ति पनि प्राप्त हुनेछ ।

४. जुन व्यक्तिले आफूले पनि दान गर्दैन र दान दिन चाहने मान्छेलाई समेत दान गराउन चाहँदैन, त्यस व्यक्तिसँग आफ्नो जीवन चलाउन धन सम्पत्तिको अभाव हुनुको साथै आपद विपदमा साथ दिने नाता कुटुम्बहरूको पनि अभाव भई दुःखपूर्वक जीवन व्यतीत गर्नुपर्ने हुन्छ ।

भिक्षाटन र सामूहिक दान कार्यक्रम राख्दा आयोजक तथा दाताहरूले माथिको मध्ये ३ नं. को प्रतिफल पाउन सक्दछन् ।

बोधिसत्त्व सिद्धार्थले महाभिनिष्क्रमण गर्नु भएपछि आफूसँग भएको पिण्डपातको सहारा लिएर ज्ञानको खोजी गर्नुभयो । ज्ञान लाभ गरिसकेपछि बुद्धले महापरिनिर्वाणको समयसम्म पनि पिण्डपातको सहयोग लिएर जीवन चलाउनुभयो । कपिलवस्तु आगमनमा जब बुद्ध आफ्ना भिक्षु संघसँग भिक्षाटनमा लाग्नुभयो, त्यसबेला शुद्धोदन महाराजाले कारण सोध्दा "म अहिले क्षत्रीय वंशको होइन, बुद्ध वंशमा गइसकेको छुँ, बुद्ध वंशमा गएपछि भिक्षा लिएर अरूलाई उपकार गर्नु पनि बुद्धहरूको नियम हो" भनी जवाफ दिनुभएको थियो । बुद्धको पालामा बुद्ध सहित भिक्षु संघहरू पनि सँगसँगै भिक्षाटन जाने भएकोले सर्वसाधारणहरूले पनि ठूलो पुण्य कमाउन पाएका थिए । महाकाश्यप महास्थविर त घर घरमा भोजन स्वीकार नगरी जहिले पनि भिक्षाटन जानुहुन्थ्यो । विशेषगरी दुःखी, दरिद्र, गरीब परिवारलाई उद्धार गर्न (हुनत भिक्षाटन गर्ने सम्बन्धमा बुद्धले कडाइका साथ नियम बनाउनु भएको छैन । घरघरमा दाताहरूले निमन्त्रणा गरेर भोजन गराउने इच्छा गरेमा भिक्षुहरू त्यहाँ गएर पनि भोजन गर्न सकिन्छ भने घर घर को निम्तो स्वीकार नगरी यदि भिक्षाटनले मात्र जीविका गर्ने इच्छा गरेमा पनि त्यो स्वीकार्य हुन्छ भनी बुद्धले स्वतन्त्र रूपले छोडिदिनु भएको छ । बुद्ध परिनिर्वाण पछि पनि भिक्षुहरूले आफ्नो प्रव्रजित जीवनलाई स्थायित्त्व दिन र धेरैभन्दा धेरै दाताहरूलाई पुण्य सञ्चय गर्न दिने उद्देश्यले पनि भोजनमा भिक्षा लिएर शासनिक कार्य गर्दै आइराख्नु भएको थियो । सुनेको छु– अहिले पनि बर्मा, थाइलैण्डका अधिकांश भिक्षु श्रामणेरहरू आफूमा भएको पिण्डपात लिएर भिक्षाटन गर्दै त्यसमा प्राप्त भोजन सेवन गरेर बुद्ध शासन चिरस्थायी गर्ने काममा लागीरहनु भएको छ । लाखौं-लाख भिक्षु श्रामणेरहरू भएको ठाउँमा सँधै विहारमा मात्र पकाइराख्नु धेरै नै कठीन हुने हुनाले श्रद्धालु दाताहरूले आफ्नो क्षमता अनुसार भोजनका साथै अन्य प्रत्ययहरू श्रद्धापूर्वक दान दिएर भिक्षु श्रामणेरहरूलाई सेवा गरी बुद्धका उपदेशहरूलाई रक्षा गरिरहेका छन् । प्रव्रजितहरूलाई विहारमा अथवा दाताहरूको घरमा सुलभ तरिकाले भोजन मिलेन भने निरास नभइकन प्रव्रजित हुँदा दिएको पिण्डपात लिएर भिक्षा जानु । यदि आफ्नो सँस्कार पनि राम्रो र श्रद्धालु दाताहरू पनि पायो भने अवश्य यो कार्यलाई निरन्तरता दिनु भनेर शिक्षा सिकाइन्छ । भोजनको अभावले चीवर छोड्न नपरोस भन्नको लागि ।

नेपालका सपूत गौतम बुद्धको शान्ति सन्देश प्रचार हुँदै संसारका कुना काप्चासम्म फैलिसकेको थियो । नेपालमा पनि बुद्ध पुत्र भिक्षुहरूको संख्या धेरै हुनुको साथै बुद्धका उपदेश तथा शिक्षाहरू प्रचार प्रसार

तथा अध्ययन अध्यापनको राम्रो व्यवस्था भएको त्यस बेलाको समयमा राजादेखि जनतासम्म पनि प्रभाव पारेर लोकप्रिय भइसकेको थियो । समसुद्दिनको आक्रमण शंकराचार्यको अतिक्रमण र जयस्थिति मल्लको भिक्षुहरूलाई जबरजस्ती गृहस्थी बनाउने कार्यले नेपालमा थेरवादी शासन विस्तार विस्तारै लोप भएर गइराखेको थियो । यसरी लोप भएर रहेको शुद्ध थेरवादी शासन आजभन्दा करीब ७०-७२ वर्ष अगाडि मात्र फेरि पुनर्स्थापित भयो । बुद्ध शिक्षाको प्रचार प्रसारको कमीले बुद्धका शिष्य भिक्षु श्रामणेरहरू कस्ता हुन्छन् भन्ने कुरा नै थाहा नपाएका नेपालका जनताहरूले भिक्षुहरूलाई कसरी व्यवहार र सेवा सत्कार गर्नुपर्छ भन्ने नै थाहा थिएन । बुद्धका उपदेश र शिक्षालाई आफूले अध्ययन मनन गर्ने र जनमानसलाई पनि प्रचार गर्ने उद्देश्य बोकेका प्रव्रजित भिक्षुहरू जतिसुकै कठिन परिस्थितिमा पनि आफूमा भएको भिक्षापात्र लिई भिक्षादान लिन जानु भएको थियो । सुनिराखेको थिएँ– नेपालमा थेरवाद शासन प्रचार कार्यमा अग्रणी मानिएका श्रद्धेय प्रज्ञानन्द महास्थविर भिक्षाटन जानुहुँदा भिक्षुहरूलाई देखि नसहने मानिसहरूले कहिले भिक्षा पात्रमा अरू केही राख्न नसक्ने गरी सिंगो फर्सी राखिदिने गर्थ्यो रे, कहिले भोजन भएको पात्रमा माटो ढुंगा राखी गिज्याउने दुःख दिने गर्दथ्यो रे ! पछिसम्म भिक्षुहरू देख्न नचाहने मानिसहरूले भिक्षुहरू देख्दा नै भन्ने गर्थ्यो रे– "भन्ते भन्ते धाल, जाकी हेका काल ! अर्थात् भिक्षु भिक्षु भन्यो, चामल ठगी लियो ।"

त्यसबेलाका ठूला भन्तेहरूले अनेक अपशब्द गाली गलौज सहन गरी विस्तार विस्तारै बुद्धका शिक्षाहरू जनमानसमा प्रचार गर्न केही हदसम्म सफलता पाउनुभयो । अनेक कठिनाइ सहँदै देश विदेशमा गइ बुद्धको शिक्षा गहन रूपले अध्ययन गर्नुभएको कारणले पहिलेका दाँजोमा अहिले धेरै नै प्रचार भएको छ । त्यसैको प्रतिफल स्वरूप हामी पनि शासनमा प्रव्रजित भएर आफ्नो क्षमता अनुसार अध्ययनको साथसाथै आचरण पनि गरेर शासनिक कार्यमा सहयोग गर्न पाइरहेका छौं ।

हामी बसिरहेको विश्व शान्ति विहारमा शिक्षालय स्थापना भएकोले धार्मिक र व्यावहारिक दुवै शिक्षा लिन पाएका छौं । विहारमा अहिले गुरु सहित ५ जना उपसम्पदा भिक्षुहरू २९ जना श्रामणेरहरू तथा २ जना गुरुमाँहरू रहेका छौं । विहारमा संचालित शिक्षालयलाई सुचारू रूपले चलाउन सहयोग पुऱ्याउन र प्रव्रजित जीवनलाई राम्रो स्थान दिलाउन प्रत्येक पूर्णिमाको दिनमा भिक्षाटनको आयोजना भइराखेको छ । विश्व शान्ति पुस्तकालय, न्याचुक तथा विभिन्न महानुभावहरूले पनि भिक्षाटनलाई निरन्तरता दिन धेरै नै योगदान दिइ आइरहनु भएको छ ।

हामीहरू धेरै पटक भिक्षाटन गएको क्षेत्र ललितपुरका टोल र गल्लीहरू हुन् । त्यहाँ महिनाको एक पटक भिक्षाटन कार्यक्रम चलिरहेको छ भने विशेष दिन तथा दाताहरूको अनुरोधहरूमा अरू ठाउँहरूमा पनि बेलाबखत त्यस प्रकारका कार्यक्रम चल्दै आएको छ । म श्रामणेर प्रव्रजित भइसकेपछि २०५३ माघ पूर्णिमाको दिन गुइटोलमा पहिलो पटक भिक्षाटनमा सहभागी हुने मौका पाएकोमा २०५५ बैशाख महिनासम्म ललितपुर, काठमाडौं, भक्तपुर, पोखरा, तानसेन, बुटवल, भैरहवा आदि ठाउँमा गरी करीब ४० पटकसम्म भिक्षाटनमा जाने अवसर पाइसकेको छुँ ।

भिक्षाटन कार्यक्रमले एक आपसमा मैत्री तथा करूणा चित्त विकास भएको पाउँछौं । हामीलाई खुसी लागेको छ– हाम्रो विहारका उदयभद्र (ज्ञवाली) भन्ते प्रत्येक आइतबार विहारबाट १० मिनेट जति टाढा रहेको शान्ति नगरमा पाकेको भोजन भिक्षा लिन जानुहुन्छ, जुन भिक्षादान ती दाताहरूले धेरै पहिलेदेखि नै गर्न चाहिरहेको थियो । सुनेको छुँ– विसुद्धानन्द भन्तेले विकट पहाडी जिल्लाहरूमा पनि भिक्षाटन गएर बुद्धका उपदेश प्रचार गरिरहनु भएको छ ।

भिक्षाटन जाँदा भिक्षुहरूले आफ्नो चरित्र सुधार गर्ने मौका प्राप्त गर्छन् । यदि मैले नराम्रो काम गरेको छु भने त्यस क्षेत्रका दाताहरूले थाहापाएको हुनुपर्छ, म त्यहाँ कसरी र कुन मुखले दान लिन जाऊँ भन्ने हिनताबोध भएको हुन्छ आफ्नो नराम्रो चरित्र र व्यवहारले । यदि बारम्बार भिक्षा लिएर शासनिक सेवा गर्नुनै छ भने त्यस्ता मानिसहरूको अगाडि आफ्नो नराम्रो छाप नपरोस् भन्नाखातिर आत्मालोचना गरी आफ्नो व्यवहार सुधार गर्न लागिपर्छ । हुनत आफूमा शील परिशुद्धता, ध्यान, भावना र मैत्री भावनाको अभ्यास छ भने दाताहरूको प्रार्थना र इच्छा पूरा गर्न धेरै मद्दत मिल्छ र आफूमा पनि यिनीहरूले श्रद्धापूर्वक दिएको दान पचाउन सकिदैन कि भन्ने हिनताबोध हुँदैन । चरित्र शुद्ध भएकाहरूले दाताहरूको श्रद्धालाई बृद्धि गराउन आफ्नो चरित्रलाई अझ सुधार गर्न प्रेरणा दिन्छ । यसरी हरेक दृष्टिकोणले बुद्ध शासन चिरस्थायी गर्न भिक्षाटनको महत्त्व धेरै रहेको देखिन्छ । ■



Downloaded from http://www.dhamma.digital

( *आयोजक* ) – आज त हाम्रो सभामा नयाँ अनुहारका सहभागीहरूलाई देख्न पाउँदा खुशी लागिरहेको छ । कहाँबाट आउनु भएकोहोला यहाँहरू ?

( *सहभागीहरू* ) – हामी त तामाङ्ग हौं । हामीहरू कोही धरान, कोही भोजपुर र कोही भने धादिङ्गका निवासी पर्‍यौं ।

( *आयोजक* ) – रमाइलो लाग्यो आज । विभिन्न स्थानका सहभागीहरूसँग छलफल गर्न पाइने भयो । लौत यहाँहरूले नै यस कार्यक्रमलाई अगाडि बढाइदिन पर्‍यो । केही प्रश्न छ कि यहाँहरूको ?

( *सहभागी* ) – हामीले धर्मकीर्ति पत्रिकाको छलफल कार्यक्रमको स्तम्भ जहिले पनि पढ्ने गरेका छौं । अहिलेत धर्मकीर्ति विहारमा नै पनि छलफल कार्यक्रम सञ्चालन हुने गरेको रहेछ । पहिला-पहिला त छलफल कार्यक्रमको घुम्तीटोली पनि थियो । त्यो टोली त उपत्यका बाहिर पनि जाने गर्थ्यो । यो छलफल कार्यक्रम ज्यादै उपयोगी र ज्ञानवर्धक पनि लाग्यो हामीलाई त । तर काठमाठौंमा मात्र धेरैजसो सञ्चालन हुने गरेको यस कार्यक्रमलाई समय समयमा जिल्लामा पनि सञ्चालन गर्न पाए राम्रो हुने थियो । काठमाडौंमा मात्र श्रद्धेय भिक्षुहरू बस्न रूचाउने भएकोले होला उहाँहरू काठमाडौं उपत्यका बाहिर पुच्छ्रेतार देखिए झैं कहिले काहिं मात्र देखा पर्नुहुन्छ । त्यसैले काठमाडौं बाहिरका हामीहरू उपेक्षित भइरहेका छौं ।

( *आयोजक* ) – हाम्रो छलफल कार्यक्रमका नेता त हाम्रो मेघदूत हुनुहुन्छ । आजभोलि उहाँको स्वास्थ्य पनि त्यति ठीक रहेको देखिन्न । के गर्नु उहाँलाई पनि बुढेसकालले छोएकोले होला टाढा-टाढा बसबाट यात्रा गर्न सक्नुहुन्न । उहाँकै अगुवाईमा मात्र हामी बाहिर जाने गर्छौं ।

( *सहभागी* ) – लौत त के गर्नु अब ? हामीहरू नै यहाँ आइपुगेका छौं । त्यसैले अब एउटा प्रश्न यहाँहरू सामु राख्दछौं । बौद्ध संस्कारको विषयमा बुद्ध धर्मको दृष्टिकोण कस्तो रहेको छ होला ? यस विषयमा केही जानकारी पाए राम्रो हुनेथियो ।

( *आयोजक* ) – बुद्धको विचार अनुसार त परम्परागत संस्कार र कर्मकाण्डमा फँसिरहनु बुद्धिमानी होइन । मानिसको जीवन सरल र साधारण हुनुपर्छ । देखावटी र तमासी जीवनलाई राम्रो मानिन्दैन । स्वच्छ वातावरण बनाई जीवनयापन गर्नु मात्र बुद्ध शिक्षानुकूल हुनेछ । तर पुराना संस्कार र विचारले गर्दा मानिसहरू जन्मदेखि मृत्युपरान्तसम्म पनि केही न केही धर्मकर्मको निहुँमा कर्मकाण्ड गर्दै आइरहेका छन् । यद्यपि बुद्ध शिक्षानुसार धेरै पैसा खर्च गरी संस्कार कार्य गर्ने विषयमा कुनै बाध्यता रहेको छैन ।

( *अर्का एकजना सहभागी* ) – हामी त तामाङ्ग हौं । हाम्रो समाजमा त पुरोहितले भने अनुसार धेरै पैसा खर्चगरी संस्कार गर्नैपर्छ ।

( *सहभागी* ) – यसरी संस्कार गर्नैपर्छ भन्ने बाध्यता बुद्ध धर्ममा पनि छ र ?

( *आयोजक* ) – अहँ छैन । तैपनि परम्परागत संस्कारलाई त्याग्न भने गाह्रो पर्दोरहेछ धेरैजसोलाई । त्यसैले होला केही न केही प्रकारले संस्काररूपी कर्मकाण्डहरूको पुच्छरहरू समात्दै हिँडिरहेकाछन् कतिपय बुद्ध अनुयायीहरूले पनि । लोकाचारको लागि पनि, समाजको भनाई खप्न नपरोस् भन्नको लागि पनि कर्मकाण्डहरू चलाइरहेका देखिन्छन् ।

( *सहभागी* ) – होइन ! समाजमा बस्नुपरेपछि केही न केही प्रकारले सँस्कार कर्म नगरी नहुने नै भयो नि । तैपनि हामी धरानवासीहरूले त पुराना संस्कारहरू त्यागी बौद्ध तरिकाले संस्कार अपनाउन चाहेका छौं । यो संस्कार अपनाउनका लागि भिक्षुहरू चाहियो, तर भिक्षुहरू भने पाउन नै मुश्किल छ । अनि हामीले कसरी बौद्ध तरिकाले संस्कार कर्म गर्ने ?

( *आयोजक* ) – संस्कार कर्म गर्नका लागि भिक्षु नै अगाडि चाहिन्छ भन्ने छ र ! फेरि त्यही तिथिमा नै संस्कार गर्नुपर्छ भन्ने पनि के छ र ? कथं कदाचित भिक्षुको उपस्थिति भएको दिनमा गरेपनि हुन्थ्यो नि । फेरि बुद्धधर्म पुरोहितवाद पनि त होइन नि । पुरोहित बन्ने उद्देश्यले भिक्षु बनेको पनि होइन । तैपनि आजकाल त बाध्य नै भएर भिक्षुहरू पनि पुरोहित बन्नु परेको छ ।

आजकाल धरानमा मृत्यु संस्कारको नाममा तामाङ्गहरूले एउटा संघ खडा गरेको छ । त्यही संस्थाद्वारा सँस्कार कर्म गर्दैछन् । लुम्बिनी अञ्चलमा पनि मगरहरूले आफैले संस्कार कर्म गर्न थालेका छन् । यसरी संस्कार कर्म आफैले पनि गर्न सकिन्छ । बुद्ध विहारहरू नजिकै छ भने त्यहाँ गई बुद्ध पूजा र वन्दना गर्ने, विहारमा भिक्षु छ भने परित्राण पाठ गराउने र यथा श्रद्धा दान दिने गर्नु राम्रो हुनेछ । अझ आफ्नो आर्थिक स्रोतले भ्याएको खण्डमा आफ्ना भाईबन्धु, नाता कुटुम्बहरू आदि बोलाई जलपान आदि गराउनु पनि पुण्य कार्यनै हुनेछ । फेरि त्यही दिनमा मात्र संस्कार कर्म गर्नुपर्छ भन्ने केही बाध्यता देखिंदैन । यसरी कट्टरपनालाई अगाडि ल्यायो भने भिक्षु नै अगाडि राख्नुपर्छ भन्ने धारणा राख्दछ भने बौद्ध र अबौद्ध धारणामा के फरक भयो र ? गुरुजु र ब्राह्मणको स्थानमा भिक्षुले ठाउँ ओगटेको जस्तोमात्र भयो । के फरक पऱ्यो र ?

*( अर्को एकजना तामाङ्ग सहभागी )* – होइन ! फरक त परिहाल्छ नि ! हाम्रो तामाङ्ग समाजमा त थुप्रै रकम खर्चगरी अनेक पूजा आजा गर्न कर नै लाग्छ । पुरोहितले भनेअनुसार गर्ने हो भनेत खेत बन्धक राखेर भएपनि संस्कार कर्म, काजकृया विधि, पूरा गर्नुपर्छ । यसरी धेरै अन्धविश्वासी भावनाले जकडिएको छ हाम्रो समाज । तर भिक्षुहरूको नियमानुसार त यस्तो कार्यमा यत्तिनै रकम चाहिन्छ भन्ने कुनै कर छैन । यथाश्रद्धा दान दिए पुग्छ । एकदम सजिलो र झन्झट रहित तरिका रहेछ । अझ तपाईहरूले भन्नुभएको तरिकानुसार गरेमा त झन सजिलो हुनेभयो नि ।

तर हरेक कार्यमा भिक्षु नै चाहन्छि भन्न उपयुक्त हुँदैन । किनभने हरेक समयमा भिक्षु उपलब्ध हुनु सम्भव पनि छैन । त्यसैले भिक्षुहरूको उपस्थिति बिना उपासक-उपासिकाहरूले पनि संस्कार कर्म चलाउन सके बेस हुनेछ ।

*( सहभागी )* – हामीहरूले त यसरी नै कार्य संचालन गर्न थालिसक्यौं नि !

*( महिला सहभागी )* – होइन ! संस्कार क्रिया विषयमा बुद्धको यथार्थ विचार चाहिं के रहेछ, त्यो पनि बुझ्न पाए बेश हुनेथियो ।

*( आयोजक )* – राम्रो प्रश्न गर्नुभयो यहाँले । तर यस प्रश्नको उत्तर दिन भने अलि अप्ठेरो नै पर्छ । यथार्थमा भन्ने हो भने बुद्ध शिक्षानुसार मानिसले जीवितकालमा नै चरित्रवान भई इमान्दारी पूर्वक जीवन बिताउन सकेमा मृत्यु पश्चात् कर्मकाण्ड र श्राद्ध गरी पुण्य छोड्नुपर्ने आवश्यकता पनि पर्दैन । इमान्दारी जीवन बिताई अरूलाई दुःख, कष्ट दिएन भने त त्यो व्यक्ति दुर्गतिमा पर्दै पर्दैन नि होइन र ? वास्तवमा श्राद्ध गर्नुको मतलब नै मृत्यु पश्चात् नरक गतिमा जन्मेको प्रेतलाई मोक्ष प्राप्त होस् भन्ने विचारले गरिने कार्य त होनि । तर बुद्धको विचार अनुसार त मानिस मरेर गएपछि देवता, मानिस, पशु र नरक गतिमा जन्म लिएको खण्डमा हामीले दिएको पुण्य उनीहरूलाई प्राप्त हुँदैन । तर एउटा गति छ त्यो हो प्रेत गति । यो प्रेत गतिमा पुगेकाहरूले अर्काको भरमा मात्र जीविका गर्नुपर्ने हुन्छ अर्थात् अरूले दिए मात्र पेट भर्न पाइने छ । अर्को शब्दमा भन्ने हो भने उनीहरूलाई उसले आशा गरेको खण्डमा मात्र हामीले दिएको पुण्य उसलाई प्राप्त हुनेछ ।

*( एक महिला सहभागी )* – आयोजकज्यूको कुरा सुन्दा त मलाई लाग्यो– यो मृत्यु संस्कार कार्य गर्नुको कुनै औचित्य रहेनछ ।

*( आयोजक )* –औचित्य त छनि ! किन नहुनु ? यहाँले राम्ररी कुरा बुझ्नु भएन जस्तो लाग्यो नि ! किनभने मृत्यु संस्कार कार्य गर्दा थुप्रै फाइदाहरू उपलब्धी हुन्छन् । ती यसरी छन्–

(१) दिवंगत व्यक्तिको पुण्य स्मृतिमा केही कर्मकाण्ड या पुण्यकार्य गर्दाखेरी मानिसहरूमा मरणानुस्मृति अर्थात् मानिस जन्मेपछि एकदिन मर्नुपर्छ भन्ने सम्झना गर्न टेवा पुग्नेछ । एकदिन मर्नुपर्छ भन्ने यथार्थतालाई बुझ्ने अभ्यास जब गरिन्छ, तब बेकारमा झैझगडा, कलह र लोभ लालच गर्ने बाँकी कम हुँदै जानेछ ।

(२) कहिले पनि धर्म कार्यमा आस्था नराख्ने र दान धर्म नगर्ने व्यक्तिहरू यस कार्यक्रममा सामेल हनुपर्दा दिवंगत व्यक्तिको पुण्यस्मृतिमा दान दक्षिणा दिई राम्रो संस्कार राख्ने मौका प्राप्त गर्नेछन् ।

(३) कहिले पनि भेटघाट नहुने भाइबन्धुहरू पनि उक्त मृत्यु क्रियामा जम्मा हुनुपर्दा बोलचाल र मेलमिलापको अवस्था श्रृजना हुनेछ ।

(४) दिवंगत व्यक्तिको पुण्य स्मृतिमा ठूलठूला पुण्यकार्यहरू गरिन्छन् । उदाहरणको लागि– अस्पताल



Downloaded from http://www.dhamma.digital

र क्याम्पस आदि बनाउन जग्गादान र भवन निर्माण कार्यमा आवश्यक आर्थिक सहयोग दिने, ध्यान केन्द्र निर्माण, पानी टयांकी र विहारका आवास गृह निर्माण कार्यमा सहयोग, धर्म सम्बन्धी पुस्तकहरू प्रकाशन गरी धर्मदान गर्ने आदि पुण्य कार्यहरू गरिन्छन् । जुन कार्यहरूले थुप्रै अन्य व्यक्तिहरूलाई सहयोग र उपकार पुग्ने हुन्छ ।

यसरी अरूको उपकार गर्ने कार्य जसले गर्दछ, त्यसलाई त्यस पुण्य कार्यको फल त अवश्य मिल्नेछ । त्यसैले पुण्य संस्कार कार्यलाई अर्थ नभएको कार्य भन्न त कदापि मिल्दैन नि ।

लौत आज थुप्रै कुराहरूको छलफल भइयो । अवेर पनि भइसकेछ । धेरैजसोले घडितर्फ आँखा दौडाएको देखें । आजलाई यत्तिकैमा कार्यक्रम टुङ्ग्याउनु पर्ला । ■

# परिवर्तन

*- भिक्षु संघरक्षित, संघाराम*

बालक थिएँ कति कुकार्य गरें
ठूला-बडाको कुरा वास्तै नगरी ।
चञ्चल थिएँ कति पापकार्य गरें
आमा-बाबुको उपदेश पटक्कै नटेरी ॥

★★

कति प्राणीलाई दुःख, कष्ट दिएँ होला
कतिको त हिंसा नै गरें ।
कति परवस्तु नसोधी नै लिएँ होला
अझ धेरै चोरी पनि गरें ॥

★★

दुःख दिंदा नै मज्जा लाग्ने
अनौठो नशा नै लागेको रहेछ ॥
प्राणीमात्रलाई दुःख-दर्द दिने
नराम्रो बानी नै परेको रहेछ ॥

★★

दुःख पाए होलान् मबाट कति
दाजु भाई अनि ज्ञाति-बन्धुले ।
पीडा भोगे होलान् बज्रसरी
आमा-बाबु तथा धरती माताले ॥

★★

अकुशल कार्य अकुशल भनिकन
ज्ञात नै त कहाँ थियो र ?
अबोध बालक अनि चञ्चल मन
विद्वान-संगत नै कहाँ भयो र ?

★★

हुँ त म आखिर बालक नै
बुद्ध धर्मप्रति श्रद्धा नराखी बसें ।
बुद्ध-धर्म-संघको महिमा नबुझी नै
शील-समाधिबाट सँधै टाढै रहें ॥

★★

रातपछि जगमग उज्यालो भए झैं
जीवनमा यस्तो क्षण पनि आयो ।
विस्तारै विहारमा गमन गरीकनै
बुद्ध-दर्शन बुझ्ने मौका पाइयो ॥

★★

बुद्धका स्वयं शुद्ध अनुयायी बन्न
गृहत्यागी चीवरधारी भएँ ।
अहो ! अपूर्व सन्तोष मनले पाएँ
धन्य भएँ, दिव्य आनन्द पाएँ ॥

★★

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय कक्षाको प्रतिवेदन

### सुखी जीवनमा बाधाहरू

२०५८ माघ २७ गते। प्रतिवेदन- नीता केशरी श्रेष्ठ। स्थान- धर्मकीर्ति विहार।

यसदिन कुशुम गुरुमाँले "सुखी जीवनका बाधाहरू" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो सुख सबैलाई मनपर्छ। विभिन्न गतिहरू मध्ये मानिसको जन्म सुगति भित्र पर्दछ। मानव जीवन सुखपूर्वक जिउनका लागि विभिन्न बाधाहरू आइपर्छन्। ती बाधाहरू अरूको कारणले होइन आफ्नै मनभित्र उत्पन्न हुने खराब विचार हरूको कारणले उत्पन्न हुने गर्छन्। भगवान बुद्धले भन्नुभएकोछ– **"पभस्सर मिदं भिक्खवे चित्तं अपिच आगन्तुकेही उपकिले सेहि उपक्किलिट्ठं"**

अर्थात्– उज्ज्वल पवित्र मनलाई विविध विचार हरू आएर धमिलो पारिदिन्छ। बाधाका रूपमा आउने ती क्लेशहरू यसरी छन्–

(१) मोह (अज्ञानता) (२) अहिरिक – दुश्चरित्र कर्म गर्न लाज नमान्ने (३) अनोतप्प – दुश्चरित्र कर्म गर्न डर नमान्ने (४) उद्धच्च – चञ्चलमन (५) लोभ – लोभमा लिप्त हुनु (६) दिट्ठी – धर्मलाई अधर्म र अधर्मलाई धर्म ठान्ने (७) मन – अभिमान (८) इस्सा – इर्स्यालु स्वभाव (९) दोस – अरूलाई विगार्ने नियत (१०) मच्छरिया – कञ्जुसीपना (११) कुकुच्च – पश्चाताप (१२) थीन – चित्तमा आलश्य हुनु (१३) मिद्ध – चेतसिक असमर्थ हुनु (१४) विचिकिच्छा – नचाहिने शंका उपशंका।

मुख्य गरी यी १४ प्रकारका खराब विचारहरूले गर्दा सुखपूर्वक जीवन जिउन चाहेर पनि जिउन सक्दैन। तसर्थ हामीले हाम्रो मनमा आउने विचारहरूलाई नियाल्दै होश पुऱ्याउनुपर्ने हुन्छ। नराम्रो विचार आउने वित्तिकै त्यसलाई चिन्न सक्नु पर्छ र त्याग्न सक्नु पर्छ। अनि मात्र हाम्रो जीवन सुखमय हुनेछ।

### स्रोतापन्न

२०५८ फागुन ४ गते।

प्रतिवेदन- विमला शाक्य।

यसदिन पूज्य भिक्षु अश्वघोषले "स्रोतापन्न" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– "बुद्धले सिकाउनु भएको शिक्षाको मुख्य लक्ष्य नै दुःखबाट मुक्ति निर्वाण सुख प्राप्त गर्नु हो। तर बुद्धले एकैचोटी निर्वाण प्राप्ति विषयमा उपदेश दिनुभएन। क्रमबद्ध तरीकाबाट बताउनु भएको छ।

बुद्धको उपदेश सुनेर, जानेर, विद्वान कहलाउनको लागि होइन। असल गुण भएको व्यक्ति बनाउनको लागि हो। सानोतिनो कुरामा झैझगडा नगरिकन आ-आफ्नो घरमा आनन्दपूर्वक जीवन बिताउनको लागि हो।

निर्वाण सुख प्राप्त गर्नका लागि चार तह पार गर्नुपर्छ। ती यसरी छन्–

(१) स्रोतापन्न (२) सकदागामी (३) अनागामी (४) अरहन्त

स्रोतापन्न– स्रोतापन्न भन्नाले निर्वाण फल प्राप्त गर्ने स्रोतमा पुगिसकेको व्यक्तिलाई जनाउँदछ। स्रोतापन्न मार्गमा पुगिसकेको व्यक्तिमा यी गुणहरू समावेश भएका हुन्छन्–

- पञ्चशील राम्ररी शुद्ध तरिकाले पालन गर्दछ।
- मन, वचन र शरीरले सानोतिनो पाप गरेपनि त्यसलाई ढाकछोप गर्ने छैन। (गल्ती स्वीकार्दछ)
- पञ्च महापाप गर्दैन।
- गरिसकेको गलतीहरू फेरि फेरि दोहऱ्याउँदैन।

हामीहरू विहारमा आई शिक्षा दिक्षा लिनुको प्रमुख उद्देश्य नै असल मान्छे बन्नको लागि हो। आफ्नो बानी व्यवहार राम्रो बनाई आफू उदाहरणको रूपमा प्रस्तुत भई अरूलाई प्रभाव पार्न सकेमा मात्र विहारमा आउनुको लक्ष्य पूरा हुनेछ। त्यसैले हामीलाई पहिला आफू बदल्नु परेको छ। अनि पछि मात्र अरूलाई बदल्ने कोशिस गर्नुपर्दछ। आजभोलि जताततै जति पनि अशान्ति मच्चिरहेका छन्, त्यसको प्रमुख कारणहरू मानिसहरूमा राम्रो आचरणको अभाव, आफूमा रहेका अवगुणहरूलाई चिन्न नसकी आ-आफ्नो बानी व्यवहारहरू बदलन नसक्नु आदि आदि।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध मासिक

## वर्ष १८, अङ्क १ देखि १२ सम्म (२०५७) को

## आय व्यय विवरण

| क्रसं | खर्च | रकम रु | क्रसं | आम्दानी | रकम रु |
|---|---|---|---|---|---|
| १. | कागज खरिद | ७६,२३९/– | १. | ग्राहक शुल्क | ९७,३७९/२० |
| २. | छपाई | ९३,२०५/– | २. | विज्ञापन | ५९,९१२/– |
| ३. | मसलन्द | २,१३९/– | ३. | ब्याज | ३०,५७२/९३ |
| ४. | हुलाक | ११,६७५/– | | | |
| ५. | ढुवानी | ५६२/– | | शोध भर्ना गर्नुपर्ने | |
| ६. | फुटकर खरिद | २२९/– | | घाटा रकम | १,३६९/८७ |
| ७. | कार्यालय खर्च | ४,३००/– | | | |
| ८. | बैंक कमिशन | ८०/– | | | |
| ९. | विशेष सदस्य प्र.प.को फ्रेम | ८०५/– | | | |
| | | रू. १,८९,२३४/– | | | रू. १,८९,२३४/– |

## पत्रिका कोषको विवरण

| | |
|---|---|
| -२०५६ साल मसान्त सम्मको जम्मा | ५,२६,६६२/६५ |
| -२०५७ साल बैशाख देखि चैत्र मसान्त सम्मको विशेष सदस्य २५ जवानको प्राप्त रकम | २५,४३२/– |
| जम्मा रू. | ५,५२,०९४/६५ |
| यस वर्षको शोध भर्ना गर्नुपर्ने घाटा रकम | – १३६९/८७ |
| २०५७ साल मसान्त सम्मको कोषमा जम्मा रकम रू. | ५,५०,७२४/७८ |

# बिचा: हायका

**अनिच्चावत संखारा उप्पाद वय धम्मिनो**
**उप्पज्जित्वा निरूज्झन्ति, तेसं ऊप समोसुखो**



## स्व. श्रीमती उजेलीमाया प्रधान

श्रीमती उजेलीमाया प्रधान आका-म्काकां मुदुगुलीं वस्पोलया निर्वाण कामना यासें विचा हायका विज्यापिं, दीपिं सकल शुभेच्छुक महानुभावपिन्त जिमिसं हार्दिक कृतज्ञता देछाना ।

**निर्वाण कामना:**

**जहान- रामभक्त प्रधान** बनेपा-८

**काय्‌चा सुदन भक्त प्रधान** बनेपा-५;

**धर्मकीर्ति परिवार**

## धर्म प्रचार — समाचार

**बौद्ध बृद्धाश्रमको छैठौं वार्षिक सधारण सभा**

२०५८ फागुन ४ गते । स्थान- बुद्ध विहार, भृकुटी मण्डप ।

यसदिन भिक्षुणी धम्मवती (अध्यक्ष, बौद्ध बृद्धाश्रम कार्य समिति) को सभापतित्त्वमा बौद्ध बृद्धाश्रमको छैठौं वार्षिक साधारण सभा सम्पन्न भएको समाचार छ। भिक्षु अश्वघोष महास्थविर (ध्यानकुटी विहार प्रमुख) ले शील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा श्रीमती इन्दिरा मानन्धर (महासचिव, बौद्ध बृद्धाश्रम कार्य समिति) ले स्वागत भाषण तथा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यसरी नै जुलुमकृष्ण शिल्पकार (कोषाध्यक्ष, बौद्ध बृद्धाश्रम कार्य समिति) ले आयव्यय प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा भिक्षु अश्वघोष, भिक्षु कोण्डन्य (विहार प्रमुख, बुद्ध विहार) र श्री बखतबहादुर चित्रकारले आ-आफ्नो मन्तव्य प्रस्तुत गर्नुभएको थियो । यसरी नै श्री मोतिलाल शिल्पकार (उपाध्यक्ष, बौद्ध बृद्धाश्रम कार्य समिति) ले धन्यवाद ज्ञापन गर्नुभएको उक्त सभामा भिक्षुणी धम्मवतीले सभापतिको आशनबाट मन्तव्य व्यक्त गर्नुहुँदै सभा विसर्जन गर्नुभएको थियो । उक्त कार्यक्रमको सञ्चालक श्री जनक नेवा (बौद्ध बृद्धाश्रम सदस्य) हुनुहुन्थ्यो ।

**२५४६ औं आयु संस्कार परित्याग दिवस एवं "न्हाय्‌कुति भगवान - एक परिचय" पुस्तक विमोचन**

२०५८ फागुन १५ गते । स्थान- नगदेश बुद्ध विहार ।

नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुच: नगदेशको संयुक्त आयोजनामा २५४६ औं बुद्ध आयु संस्कार परित्याग दिवस मनाउनुका साथै कृष्णकुमार प्रजापतिद्वारा लिखित "न्हाय्‌कुति भगवान - एक परिचय" नाम गरेको पुस्तक भिक्षु आनन्दले विमोचन गर्नुभएको समाचार छ ।

बुद्ध गुणानुस्मरण, ज्ञानमाला भजन र पञ्चशील प्रार्थना आदि गरी संचालित उक्त कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि भिक्षु आनन्दले विमोचित पुस्तकको



Downloaded from http://www.dhamma.digital

मूल्यांकन गर्नुको साथै प्रवचन पनि दिनुभएको थियो । पुस्तकका लेखक कृष्णकुमार प्रजापतिले विमोचित पुस्तकप्रति आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा अतिथि वक्ताहरू श्री बखतबहादुर चित्रकार, विपिन्द्र महर्जन र डा. सानुभाई डंगोलले शुभेच्छा व्यक्त गर्नुभएको थियो । श्री रामभक्त हाय्जुको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा पुस्तक प्रकाशनार्थ आवश्यक आर्थिक सहयोग प्रदान गर्ने वचन दिनुहुने साहु ज्ञानज्योति कंसाकार एवं लक्ष्मीप्रभा कंसाकार प्रति प्रकाशन समूहले आभार व्यक्त गरिएको थियो । उक्त कार्यक्रम दीपक राज सांपालले संचालन गर्नुभएको थियो ।

**बुद्ध धर्म सम्बन्धी सप्ताहव्यापी प्रवचन**

२०५८ चैत्र १-८ गते । स्थान- सिफल, कालोपुल ।

तमु छोंज धीं सिन्धुपाल्चोकको आयोजनामा बुद्ध धर्म सम्बन्धी सप्ताहव्यापी प्रवचन कार्यक्रम सम्पन्न भएको समाचार छ । स्मरणिय छ उक्त सप्ताहव्यापी कार्यक्रम अवधिभर विनयाचार्य राजकीय पण्डित शास्त्रपति भिक्षु आनन्दले प्रवचन दिनुभएको थियो । उहाँले प्रवचन दिनुभएका विषयहरू यसरी रहेको कुरा प्राप्त समाचारमा उल्लेखित छन्–

बुद्ध धर्म भनेको के हो ?; बुद्धको मौलिक शिक्षा; चतुआर्य सत्य; आर्य अष्टाङ्गिक मार्ग; कर्म; त्रिलक्षण र निर्वाण आदि ।

**दुर्लभ प्रवज्या**

२०५८ फागुन ५-११ गते । थाय्- सिद्धि मङ्गल बुद्ध विहार । सिद्धि मङ्गल बुद्ध विहारया आयोजनाय् पूज्य भिक्षु बुद्धघोष महास्थविर पाखें झिंछम्ह थसि निवासी कुलपुत्र पिन्त दुर्लभ प्रव्रज्याया ज्याझ्वः पुवंका बिज्या:गु समाचार दु । थुगु ज्याझ्वले भिक्षु बुद्धघोष महास्थविरं श्रामणेरपिन्त दश शील प्रार्थना याका: बुद्ध पूजा न्हाकाबिज्यातसा भिक्षु प्रज्ञाकीर्ति पाखें न्हेन्हु यंकं श्रामणेर पिन्त शिक्षा दिक्षा बिया: दुर्लभ प्रव्रज्या ज्याझ्वः पूवंका बिज्यात । अथेहे श्रामणेरपिनि माँ-बौपिंन्सं न्हेन्हु यंकं भोजनया लागि मा:गु व्यवस्थायाना: सहयोग बियादिल ।

थुगु ज्याझ्वले उपासक बेखालाल महर्जनं आलु १० धार्नी व रत्नलाल मानन्धरं रु. १०१०/– दाँ चन्दा सहयोग यानादीगु समाचार नं दु । अथेहे विहारया यक्को उपासक, उपासिकापिंसं आपालं गुहालीयाना: श्रामणेर प्रव्रज्या ज्याझ्वः क्वचा:य्कूगु खँ सीदु । विहारया उपसचिव मंगलदास महर्जनं आय-व्यय हिसाब न्हचब्वयादीगु थुगु ज्याझ्वले अध्यक्ष बुद्धिबहादुर महर्जनं दुर्लभ प्रव्रज्या ज्याझ्वः पूवंगु लसताय् सकलसित नं धन्यवाद देछाना दिल ।

**धर्म देशना व विश्व शान्ति पद यात्रा किपा ब्वज्या**

यल सिल्लाथ्व संल्हु (२०५८ फागुन १ गते) ।

थाय्- विश्व मैत्री विहार, यल लाय्कु ।

लय् लय् पतिकं निरन्तर रूपं न्हचाना वयाच्वंगु धर्मदिशना ज्याझ्वःकथं पञ्चशील प्रार्थना व बुद्ध पूजां लिपा न्हचाकूगु थुगु ज्याझ्वले भिक्षुणी वीर्यवती धयाबिज्यात – "झीगु जीवनया मुख्य उद्देश्य हे न्हचागु अवस्थाय् नं थ:गु चित्तयात सन्तुलने तया तालेलाक जीवन न्ह्याके फय्क्यगु ख: । बुद्ध शिक्षाकथं थुकथं ताले लाक जीवन न्ह्याकेत न्हापां थ:गु पह:चह: ताले ला: मला: बरोबर स्वय्गु बानी याय्मा: । मेपिन्त स्वय्गु बानी यात्तले थ:त थम्हं स्वय् फैमखु । थ:गु बानी व्यवहार ताले लाके फुसा हे जक झीसं मेपिन्त न्वानागु या मू दै । थ:हे उखेस्व, थुखेस्व: मदुनिसा वं मेपिनिगु दोष न्ह्याक्को उलेस:सां, व व्यक्तिं न्ह्याक्को हे धर्म खँ छलफल यायफुसां, प्रवचन हे बी फुसां उलि महत्त्व दैमखु । अथे जूगुलिं बुद्धया शारीरिक व्यक्तित्त्वय् आशक्त जुया: थ:गु प्रव्रजित जीवनया लक्ष्य लोमंम्ह बेहोसी भिक्षु वक्कलियात बुद्धं धयाबिज्यात– "तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता" अर्थात् थ:गु जीवन सुथांलाकेत थ:म्हंहे तालेलाक ज्या याय् फय्क्यमा: । थ:गु आचरण शुद्ध मयास्य कर्त्तव्यहीन जुया: न्हयाक्वहे बुद्धया भक्ति या:सां वयात बुद्धं तरे याना बी फैमखु । छाय् धा:सा तथागतं ला तरे जुइ लँ जक क्यनाबीफै । सुनां शील समाधि व प्रज्ञाया त्वाथ: गय्फै वं हे जक थ:गु जीवन सफल याय्फै ।"

उगु ज्याझ्वले मय्जु दिल शोभा शाक्यं ध्यानया माध्यमं दुनेया मिखा चाय्का: चित्त शुद्धयाना: मिस्तयसं नं सयेका सीका: न्हयज्याय्मा:गु खँ कनादिल ।

युवा बौद्ध समूहया नायो शान्तरत्न शाक्य जुं निचिदात्सु फुजि गुरुं विश्वय् १०८ ग: चैत्य स्वनेगु झ्वले लुम्बिनी स्थापना जूगु ७३ ग:गु विश्व शान्ति चैत्य उद्घाटन याय्त स्वनिग:निसें लुम्बिनीतक क्वचा:गु विश्वशान्ति पदयात्राया चर्चा यानादिल ।

अथेहे भाजु जुजुभाई तुलाधरं बुद्ध धर्म व संघया यथार्थ मनसाय कनादिल प्रेमबहादुर बज्राचार्य लसकसु याना: न्हयाकादीगु थुगु ज्याझ्वलय् हेराकाजी सुजिकानं सुभाय् वियादिलसा लोकबहादुर शाक्यं ज्याझ्वः सभा न्ह्याकादिल ।

थुखुन्हु न्हिच्छि यंकं विश्व मैत्री विहारय् विश्व शान्ति पदयात्राया किपा: प्रदर्शन जुल ।

बा.अ.का.द.नं. - ७०/०४०/४१

# बर्मी पाहुनाहरूको स्वागत

२०५८ चैत्र १ गते। स्थान- धर्मकीर्ति विहार, श्रीघः नघःल।

म्यान्मा (बर्मी) गुरुमाँ दोगुणवतीको साथमा आउनुभएका बर्मी महास्थविर भिक्षु सहित अन्य २० जवान गुरुमाँहरू र १० जवान बर्मी गृहस्थीहरू (उपासक उपासिकाहरू) सहित गरी जम्मा ३२ जवान बर्मी पाहुनाहरूलाई धर्मकीर्ति विहारमा स्वागत गरिएको थियो। फागुन २३ गते (मार्च ७) का दिन लुम्बिनीबाट काठमाडौं आइपुग्नु भएका बर्मी पाहुनाहरूलाई फागुन २३ गते देखि बसुन्धरा डोलस्थित धर्मकीर्ति बसुन्धरा विहारमा राखी धर्मकीर्ति विहारको तर्फबाट पाहुना सत्कार गरिएको थियो।

चैत्र १ गते बर्मी महास्थविर भिक्षुले धर्म देशना गर्नुहुँदै भन्नुभयो– "आफूले निश्वार्थ पूर्वक परोपकारी कार्य गरिरहेको अवस्थामा त्यस कार्यमा अवरोध हुने गरी कुनै घटना घटे पनि आफ्नो मनलाई त्यस पुण्य कार्यबाट विचलित नगरेको खण्डमा आफ्नो उद्देश्य सफलतापूर्वक पूरा हुनेछ। यसमा शंका मान्न पर्दैन।"

बर्मी पाहुनाहरू चैत्र २ गते काठमाडौंबाट फिर्ति प्रस्थान गरिएको थियो।

★

नयाँ प्रकाशन

# 'शेर्पाहरूको इतिहास र सँस्कृति'

पृष्ठ- ४२५, ठूलो आकारमा।

प्रकाशक- यम्पु शेर्पा च्हिछोक, नेपाल शेर्पा संघ, धरान, सुनसरी, सगरमाथा अञ्चल।

*मूल्य* रु. ३५०/–

*सहयोगको लागि* रु. ५००/– मात्र।

न्यू नेपाल प्रेसमा मुद्रित – २०५८ पौष।

*लेखक-* आचार्य ङग्वाङ वोशेर लामा शेर्पा। वहाँ लामा भिक्षुहरूमा बुद्धको शिक्षा प्रचारमा अग्रपंक्तिमा हुनुहुन्छ। आशासहित गतिशील लामा हुनुहुन्छ। वहाँको संक्षिप्त परिचय यसरी छ।

*जन्म-* २०१० श्यामा ढुङ्गे, दोलखा।

*शैक्षिक योग्यता-* आचार्य बौद्ध दर्शन साहित्य, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी।

*उपाधि-* प्रमुख लामा, सम्तेन छ्योस्लिङ गोम्पा, सोग्दोपा वडा नं. ४, श्यामा, दोलखा।

*सेवा-* सहायक प्राध्यापक, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं; विश्वभाषा क्याम्पस, प्रदर्शनी मार्ग (२०४८)।

*सम्पादक तथा उद्घोषक-* शेर्पा भाषा समाचारको लागि प्रथम - रेडियो नेपाल, सिंहदरवार (२०५३ वैशाख)।

*सामाजिक सेवाहरू-*

*संस्थापक-* हिमालय बौद्ध विद्यापीठ (नेपालमा सर्वप्रथम स्थापित शेर्पा पाठशाला), सोम्दौपा (ढुङ्गे) श्यामा दोलखा, २०३६।

*अध्यक्ष-* हिमाली बौद्ध परम्परा संरक्षण समिति, बौद्ध काठमाडौं, २०५३। बुद्ध एकेडेमी (विद्यालय) बौद्ध जोरपाटी, काठमाडौं।

*उपाध्यक्ष-* हिमाली बौद्ध शिक्षण संस्था, पाटन।

*कृति-* दर्जनौं पुस्तकहरू।

*भ्रमण-* भारत, चीन (तिब्बत, हङ्कङ), जापान र अष्ट्रिया।

शेर्पा भन्दाखेरी नेपालका उच्च हिमालय सगरमाथासँग घनिष्ट सम्बन्ध छ। सर्व प्रथम सगरमाथा माथिसम्म चढ्नु भएको व्यक्ति शेर्पा नै हुन्। नेपालको नाउँ विश्वमा प्रचार भएको बुद्ध पछि शेर्पा जाति नै हो। त्यसैले शेर्पाको उत्पत्ति र नामाकरण, बसाई, सराईको कारण बारे जान्नको लागि प्रस्तुत पुस्तक पढ्न योग्य छ। 'शेर्पाहरूको इतिहास र सँस्कृति' आफ्नै ढंगको छ। अतः पढ्न योग्य छ।

*- मेघदूत।*

मुद्रक : न्यू नेपाल प्रेस *प्रधान कार्यालय :* नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
*व्यापारिक कार्यालय :* शुक्रपथ, न्युरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital